# आर्थिक बर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
२०८३

विक्रम संवत् २०८३ असार १० गतेका दिन इटहरी उपमहानगरपालिकाको अठारौं नगरसभामा नगर उपप्रमुख संगिता कुमारी चौधरीले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८३/०८४ को

# निति, कार्यक्रम तथा बजेट वक्तव्य

इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

२०८३

**सभाध्यक्ष महोदय,**

सभाध्यक्षको अनुमतिले १८ औं नगरसभाको ऐतिहासिक बैठकको यस क्षणमा सर्वप्रथम सामन्ति,निरंकुश, केन्द्रिकृत एकात्मक राज्य व्यवस्थाको विरुद्ध संघीय लोकतान्त्रीक, गणतन्त्रात्मक व्यवस्था ल्याउनका लागि इतिहासका विभिन्न काल खण्डमा भएको आन्दोलन, संघर्ष विरुद्ध साथै गत भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनमा शाहदत प्राप्त गर्नुहुने ज्ञात/अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रदाञ्जली व्यक्त गर्दछु। इटहरीको विकासमा नेतृत्वदायी भुमिका रहने सबै अग्रज जनप्रतिनिधिहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु र इटहरीको विकासमा सल्लाह सुझाव दिनुहुने राजनितिक दल, दलका नेतृत्व नागरिक समाज, उद्योगि व्यावसायी, बुद्दिजिवि, संचारकर्मी लगायत सबै नगरबासीहरु प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधानको धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक वर्षको अधिकारको विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यन्वयन गर्ने, धारा ५९ को उपधारा ३ मा आ-आफ्नो तहको बजेट संघीय कानून बमोजिम गर्ने सवैधानिक व्यवस्थापन रहेको छ। अन्तर् सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा ३ र गाँउसभा नगरसभा संचालन कार्यिविधि ऐन २०७५ को दफा ३२ अनुसार इटहरी उपमहनगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट सम्मानीत १८औ नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ मा व्यवस्था भए अनुरुप इटहरी उपमहानगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतबाट सम्मानित १८ औं नगरसभामा इटहरी उपमाहनागरपालिकाको नीति, कार्यक्रम तथा बजेट प्रस्ततु गर्ने यस ऐतिहासिक अवस्थामा सभामा उपस्थित सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु, प्रत्यक्ष प्रसारण मार्फत अवलोकन गरिरहनु हुने आमाबुबा, दाजुभाई, दिदीबहिनि सबैमा अभिवादन तथा नमन व्यक्त गर्दछु।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरे बमोजिम जनताले नजिकबाट अनुभुति गर्ने स्थानीय सरकारको रुपमा रहि स्थानीय सरकार संचालन ऐन,२०७४ ले स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनितिक विषय, क्षेत्रगत, मध्यमकालिन तथा दीर्घकालीन विकास योजना निर्माण गरी लागु गर्न सक्ने व्यवस्था रहेको अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ ले स्थानीय सरकारी सार्वजिनिक खर्चको अनुमानित विवरण तयार गर्ने, राजश्वको प्रक्षेपण गर्ने, वित्तिय अनुसाशन कायम गर्ने व्यवस्था भएको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र नियमावली २०७७ ले व्यवस्था गरे बमोजिम समस्टिगत आर्थिक स्थायीत्व कायम गरी नतिजामुखी बजेटको खाका तयार गरी सभामा पेश गर्नु पर्ने संवैधानिक कानूनी व्यवस्था अनुरुप यो बजेट तर्जुमा गर्ने प्रयास गरिएको व्यहोरा सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु।

**सभाध्यक्ष महोदय,**

चालु आर्थिक वर्ष ०८३/८४ को नीति, कार्यक्रम तथा बजेट १६ औं नगरसभाबाट स्वीकृत भई कार्यन्वयनको प्रारम्भमा नै गत भाद्र २३ र २४ गते भएको जेन्जी आन्दोलनबाट इटहरी उपमहानगरपालिकाको भौतिक तथा प्रशासकीय ठूलो क्षति भएका कारण स्वीकृत बजेटलाई जस्ताको त्यस्तै कार्यन्वयन गर्न नसकि पूरक बजेट मार्फत चालु आर्थिक वर्षको बजेट संसोधन गरी कार्यन्वयन गरेको व्यहोरा तपाई/हामी सबैलाई सर्वविधितै छ।चालु आर्थिक वर्ष २०८२/८३ मा कार्यन्वयन र संचालन हुन नसकेका कार्यक्रम तथा योजनाहरुलाई योजना बैंकमा सुचिकृत गरी आगामी आर्थिक वर्षमा प्राथमिकताका साथ बजेट व्यवस्थापन गरी कार्यन्वयन र संचालन गरिदै लगिने प्रयास र प्रयत्न रहेने व्यहोरा यस सभा मार्फत सबैमा अनुरोध गर्न चाहन्छु।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेटको उदेश्य, प्राथमिकता र विशेषता संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।

**उदेश्यः**

- सामाजिक, आर्थिक रुपान्तरण गरी समग्र नगरको आर्थिक अवस्थालाई सुदृढ गराउनु ।

-गुणस्तरिय पूर्वाधार निर्माण गरी नागरिकको भौतिक पूर्वाधारको आवश्यकतालाई सहज र सरल ढंगबाट परिपूर्ति गर्नु ।

-नागरिकलाई सर्वसुलभ ढंगबाट गुणस्तरिय शिक्षा र स्वास्थ्यको सेवा प्रदान गर्नु ।

- आर्थिक स्रोत र साधनको प्रभावकारी संकलन र विनियोजन गरी वित्तीय सुशासन कायम गर्नु ।

-स्थानीय स्रोत र साधनको अधिकतम परिचालन गरी उच्चतम प्रतिफल हासिल गर्नु ।

**<u>प्राथमिकताः</u>**

-उत्पादन र आय आर्जन गरी गरिवी न्यूनीकरणमा जोड ।

-सहभागितामूलक विकासमा जोड ।

-भौतिक पूर्वाधारको विकासमा जोड ।

**<u>विशेषताः</u>**

-कर, राजश्वको दर वृद्धी नगरी करका दायरा वृद्धी गर्दै स्रोतको वृद्धी गर्ने ।

-वार्षिक योजनालाई कार्यन्वयन गराउनका निम्ति सोही अनुसारक कार्यक्रमहरुलाइ आत्मसाथ गरिएको ।

- वित्तीय सुशासन कायम गर्न प्रयत्न गरिएको ।

**<u>सभाध्यक्ष महोदय,</u>**

चालु आर्थिक वर्ष २०८२/०८३ को आय व्यय र संसोधित अनुमान र बजेटको समिक्षात्मक अवस्थाको बारेमा विवरण प्रस्तुत गर्दछु।चालु आर्थिक वर्ष २०८२/०८३ मा आय तर्फ जेष्ठ मसान्तसम्मको वित्तीय समानिकरण अनुदान रु.२५करोड ८८ लाख ३ हजार, संघीय शसर्त अनुदान चालु तर्फ रु.४७ करोड ६९ लाख २० हजार, संघीय शसर्त अनुदान पुंजीगत खर्च तर्फ रु ३३ करोड २० लाख ८१ हजार, संघीय विशेष

अनुदान रु ६१लाख ९७ हजार, संघीय समपूरक अनुदान रु १ करोड ३१ लाख ३८ हजार, प्रदेश वित्तीय समानिकरण अनुदान रु. २ करोड ७५ लाख ६६ हजार, प्रदेश शसर्त अनुदान चालु खर्च तर्फ रु ४२ लाख ९२ हजार, प्रदेश शसर्त अनुदान पुंजिगत खर्च तर्फ रु ७१ लाख ८ हजार, संघीय राजस्व बाँडफाँड रु १६ करोड ५६ लाख ८४ हजार, प्रदेश राजस्व बाँडफाँड सवारी कर रु १ करोड ५२ लाख ४० हजार, स्थानीय राजस्व बाँडफाँड (मालपोत) रु. १२ करोड ३८ लाख २५ हजार, आन्तरिक राजश्व ३३ करोड ३९लाख ४७ हजार र गत आर्थिक वर्षको मौज्दात रु ९ करोड १९ लाख ७० हजार गरी कूल रु १ अर्ब ८३ करोड ६७ लाख ७१ हजार मात्र खुद आय प्राप्त भएको छ भने चालु आर्थिक वर्षका लागि गत नगरसभा बाट पारित बजेटमा वित्तीय समानिकरण अनुदान रु.२४ करोड ५७ लाख, संघीय शसर्त अनुदान चालु तर्फ रु.४८ करोड १ लाख, संघीय शसर्त अनुदान पुँजीगत तर्फ रु ४३ करोड २० लाख, संघीय शसर्त विशेष अनुदान रु १ करोड ४२ लाख, संघीय शसर्त समपूरक अनुदान रु १ करोड ३६लाख, प्रदेश वित्तीय समानिकरण अनुदान रु. २ करोड ७५ लाख ६६ हजार, प्रदेश शसर्त अनुदान चालु तर्फ रु ७८ लाख ५ हजार, प्रदेश शसर्त अनुदान पुंजिगत तर्फ रु १ करोड २९ लाख २५ हजार, संघीय राजस्व बाँडफाँड रु १९ करोड २५ लाख १० हजार, प्रदेश राजस्व बाँडफाँड सवारी कर रु २ करोड १ लाख ७३ हजार, स्थानीय राजस्व बाँडफाँड (मालपोत) रु. ४० करोड ९४ लाख ५१ हजार, आन्तरिक राजश्व ५५ करोड ६६ लाख ६३ हजार र गत आर्थिक वर्षको मौज्दात रु ९ करोड १९ लाख ७० हजार गरी कूल गरी जम्मा रु २ अर्ब ५० करोड ४६ लाख ६३ हजार आय हुने संसोधित अनुमान पेश गरेको गर्दछु ।

**<u>सभाध्यक्ष महोदय,</u>**

आर्थिक वर्ष २०८०/०८१ को शिर्षक गत आर्थिक वर्ष ०८१/०८२ को यथार्थ आम्दानी आ.व. २०८२/०८३ को प्रक्षेपर्ण र जेष्ठ मसान्त सम्मको यथार्थ आम्दानी र २०८३/०८४ को प्रक्षेपण तालिका यस बजेटको अनुसुचीमा रहेको व्यहोरा जानकारी गराउँदछु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को अनुमानित बजेट प्रस्तुत गर्दछु । आगामी आर्थिक वर्षको लागि संघीय समानिकरण अनुदान रु २८ करोड ७३ लाख, संघीय शसर्त अनुदान चालु खर्च तर्फ रु ४९ करोड ७० लाख, संघीय शसर्त अनुदान पुजीगत खर्च तर्फ रु ४९ करोड १८ लाख, संघीय शसर्त विषेश अनुदान रु. ५ करोड, प्रदेश समानीकरण अनुदान रु २ करोड ७५ लाख ५० हजार, प्रदेश शसर्त अनुदान चालु खर्च तर्फ रु १ करोड ३७ लाख ७० हजार, प्रदेश शसर्त अनुदान पुँजीगत खर्च तर्फ रु ३ करोड २३ लाख, संघीय राजस्व बाँडफाँड रु १९ करोड ९८ लाख ५७ हजार, प्रदेश राजस्व बाँडफाँड सवारी कर रु २ करोड २२ लाख ५३ हजार, स्थानीय राजस्व बाँडफाँड (मालपोत) रु. २५ करोड, आन्तरिक राजश्व ५६ करोड ३० लाख ४० हजार र नगर विकास कोषबाट ऋण ८ करोड ८० लाख गरी कूल जम्मा रु २ अर्ब ५२ करोड २८ लाख ७० हजारको अनुमानित बजेट पेश गर्दछु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि अनुमानित खर्चको प्रस्ताव प्रस्तुत गर्दछु ।चालु खर्च तर्फ रु ९४ करोड ८३ लाख ७० हजार अर्थात कूल बजेटको ३७.५९ प्रतिशत, वित्तीय व्यवस्था अन्तर्गत साँवा ब्याज भुक्तानी तर्फ रु १ करोड २४ लाख अर्थात कुल बजेटको ०.४९ प्रतिशत र पुँजिगत तर्फ रु १ अर्ब २९ करोड ४६ लाख अर्थात कूल बजेटको ५१.३२ प्रतिशत र विषयगत तर्फ रु २६ करोड ७५ लाख, अर्थात कूल बजेटको १०.६० प्रतिशत गरी कूल रु.२ अरब ५२ करोड २८ लाख ७० हजार विनियोजन गरेको छु । जसको विवरण चालु खर्च, विषयगत खर्च, वडा खर्चको सीमा, नगरस्तरिय योजना तथा पूँजीगत खर्च अनुसुचीमा संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु।

**सभाध्यक्ष महोदय,**

इटहरीको दीर्घकालिन खानेपानीको समस्या समाधानका लागि एशियाली विकास बैंकको सहयोगमा नेपाल सरकारको अनुदान तथा ऋण इटहरी उपमहानगरपालिका, इटहरी

खानेपानी उपभोक्ता समितिको साझेदारीमा एकिकृत खानेपानी तथा सरसफाइ योजनाका सञ्चालनका निम्ती चालु आर्थिक वर्षमा ठेक्का प्रकृया अन्तिम चरणमा रहेको र आगामी आर्थिक वर्ष देखि उक्त आयोजना सञ्चालन हुने व्यहोरा समेत सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु ।जसका लागि स्थानीय सरकारले सहभागीता जनाउनु पर्ने रकम मध्ये इटहरी उपमहानगरपालिका र इटहरी खानेपानी उपभोक्ता संस्था संग आपसी सम्झौता गरी नगर विकास कोष सँग ऋण माग गर्ने प्रस्ताव समेत बजेटमा समावेस गरेकी छु ।

**<u>सभाध्यक्ष महोदय,</u>**

अब म विषयगत रुपमा नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्दछु ।

**<u>राजस्व प्रशासन</u>**

- इटहरी उपमहानगरपालिकामा कर तिर्ने दायित्व भएका हामी जनप्रतिनिधी र कर्मचारीहरुले आगामी आर्थिक बर्षमा बुझाउनु पर्ने सम्पुर्ण करहरु असोज मसान्तभित्र बुझाई उदाहरणीय कार्यको सुरुवात आफैंबाट गर्नुपर्ने कुराको यस गरिमामय सभा समक्ष प्रस्ताव गर्न चाहान्छु ।
- “जनताको कर-जनतालाई खबर” भन्ने अवधारणा अनुरुप यस उपमहानगरपालिकाका करदाताहरुमा कर साक्षरता, कर दायित्व र अधिकारसम्बन्धी जानकारी प्रवर्धन गरी पारदर्शी, जवाफदेही कर संस्कृतिको विकास र सबलीकरण गरी समग्र राजस्व प्रणाली करदातामैत्री बनाइनेछ। साथै एस.एम.एस. बाट पनि राजस्व भुक्तानी सम्बन्धी जानकारी गराउन आवश्यक व्यवस्था मिलाइनेछ।
- जिल्ला स्थित सरकारी निकाय तथा वित्तीय संस्थासँग समन्वय गरी कर तथा सेवा शुल्कलाई सेवासँग आबद्ध गर्दै लगिनेछ।
- करका दायरामा नआउने, कर नतिर्ने तथा झुठो विवरण पेश गरी कर छल्ने प्रवृत्ति अन्त्य गर्नका लागि बिशेष मोबाइल टोली गठन गरी परिचालन गरिनेछ ।

- राजस्व प्रशासनमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ। वडा तहमा करदातालाई कर बुझाउन कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन सहजीकरण गर्ने आदि कार्यका लागि करदाता सहायता कक्षा सञ्चालन गरिनेछ ।
- कर नतिर्ने करदाताहरुलाई उपमहानगरपालिकाबाट प्रदान गरिने छुट तथा सुविधा कटौती गर्ने तथा सबै महाशाखा, शाखा तथा वडा कार्यालयहरुबाट आकष्मिकबाहेकका सेवा प्रवाह गर्दा सेवाग्रहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर, जरिवानालाई सेवासँग आबद्ध गरि अनिवार्य रुपमा असुल उपर गरेर मात्र सेवा प्रबाह गरिने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- समृद्ध उपमहानगर निर्माणका लागि आवश्यक पूजी निर्माण गर्न कर क्षेत्रको विस्तार, नयाँ क्षेत्रको पहिचान गरी कर प्रणालीमा समाहित गर्ने कार्यलाई आन्तरिक राजस्व वृद्धिको रणनीतिक औजारको रुपमा अङ्गिकार गर्दै करको दर भन्दा दायरा बढाउने नीति अवलम्बन गरिनेछ।
- राजस्व प्रशासन सम्बन्धी प्रवर्धनात्मक तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसका लागि कर सुधार योजना अन्तर्गत रु ३० लाख बिनियोजन गरेको छ ।

## सुशासन, सेवा तथा मानव संसाधन विकास

- भ्रष्टचारको शुन्य सहनशिलता पुर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ । आफ्नो जिम्मेवारीमा अलमल गर्ने, काम पन्छाउने अनियमितता र भ्रटाचारमा संलग्न हुने जो कोहीलाई कडा कारबाही गरिनेछ ।
- उपमहानगरपालिकाबाट प्रबाह हुने सार्बजानिक सेवा,बिकासका कार्यहरु प्रति प्राप्त गुनासाहरुलाई तत्काल सम्बोधन र अनुगमनको लागि नगरप्रमुखज्युको सचिवालय अन्तर्गत रहेको ईकाईलाई अझ ब्यबस्थित गरी हाल संचालित टोल फ्री नम्बर मार्फत उपमहानगरलाई प्राप्त हुने सुझाव र गुनासाहरु सम्बोधन गरिनेछ ।
- उपमहानगरका गतिविधि नगरवासी समक्ष पुर्याउन नगर बुलेटिन प्रकाशन गरिनेछ ।

- प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुखवीच कार्यसम्पादन करार गरी प्रमुख प्रशासकीय अधिकृत तथा शाखा महाशाखा प्रमुखवीच समेत कार्यसम्पादन सम्झौता गरिनेछ ।
- उपमहानगरबाट जनप्रतिनिधि तथा कर्मचारीहरुलाई गरिने पत्राचारलाई निरुत्साहित गरी इलेक्ट्रोनिक प्रणालिको प्रयोग र अभ्यासलाई प्रभावकारी बनाईनेछ ।
- नगरपालिकाका सबै विषयगत शाखाहरु अन्तर्गत विनियोजित कार्यक्रमहरुको प्रगति छलफल गरी सतप्रतिशत कार्यान्वयन गर्न पहल गरिनेछ ।
- उपमहानगरपालिका भित्र राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगमा संचालित आयोजना तथा कार्यक्रमहरुको ब्यबस्थापन र सहजीकरण गर्न तथा उपमहानगरपालिकाको सेवा प्रबाहमा थप कानुनी परामर्श र उपचारको लागी सहजीकरण गर्न नगर क्षेत्र भित्र रहेका सम्बन्धित विषयका बिज्ञहरुलाई सहजकर्ता र विशेषज्ञको रुपमा सेवा र परामर्श लिने ब्यबस्था मिलाईने छ ।
- नगरकार्यपालिका तथा वडा कार्यालयहरुको सेवा प्रवाह तथा काम कारवाहिका सम्बन्धमा नियमित रुपमा सार्बजनिक सुनुवाई तथा सामाजिक परिक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।
- सबै वडा कार्यालयहरुलाई अधिकार प्रत्यायोजन गरी वडालाई जिम्मेवार बनाई योजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियालाई छिटो छरितो र प्रभावकारी बनाईनेछ ।
- उपमहानगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सिफारिस लगायत दर्ता चलानी गर्ने कार्यलाई अनलाईन प्रणालि गरिने नीति अवलम्बन गरिनेछ ।
- डिजिटल तथ्यांक संकलन गरी घटना दर्ता लगायत राजश्व संकलनलाई ब्यवस्थित गरिनेछ ।
- कर्मचारीको बृत्ति विकासको समूचित अवसर प्रदान गरी चालु आ.ब. देखि नै उत्कृष्ट कर्मचारीलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुको दैनिक कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक तालिम, अभिमुखीकरण साथै अवलोकन भ्रमणको प्रवन्ध गरिनेछ ।
- नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाईनेछ भने बजार अनुगमन , बालश्रम,विद्यालय, ब्यवसाय दर्ता र संचालन, मदिरा विक्री वितरण र सेवन, घर

निर्माण, सार्वजनिक जग्गाको साँध, सिमाना, इन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधि पसल लगायत नागरिकको जनजीविकासंग सम्बन्धित विषयहरुलाई प्रचलित कानूनको अधिनमा रही थप कडाइका साथ अनुगमन गरी ब्यबस्थित गर्ने स्थानीय सरकारको अनुभूति गराईनेछ ।

- कार्यालयका कर्मचारीहरुलाई कामप्रति जिम्मेवार र जवाफदेही बनाउन उपर्युक्त स्थानमा उपर्युक्त कर्मचारी (Right man in right place) नीति अंगीकार गरी राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत तथा खराब काम गर्ने कर्मचारीहरुलाई दण्डित गर्ने परिपाटी विकास गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सबै कार्यालयहरुमा गुनासो पेटीका तथा उजुरी पेटिकाको छुट्टाछुट्टै ब्यवस्था गरिनेछ ।
- नगरपालिकाको कार्यालयमा संचालनमा रहेको सहायता कक्ष (Help Desk) थप प्रभावकारी बनाइनेछ ।
- नगरकार्यपालिका कार्यालय र अन्तर्गतका कर्मचारीहरुको लागि अनिवार्य ई— हाजिरी ब्यवस्था गरी कार्यालय समय आउँदा र जाँदा अनिवार्य रुपमा हाजिरी गर्ने ब्यवस्था मिलाई दैनिक हाजिरी निरीक्षण गर्ने ब्यवस्थालाई निरन्तरता दिइनेछ ।
- स्वीकृत कोष लेखांकन प्रमाली अन्गर्तत सुत्र (SUTRA)को प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीहरुलाई आवश्यक तालिमको प्रवन्ध गरिनेछ ।
- उपमहानगरपालिका, नगरकार्यपालिका अन्तर्गतका कर्मचारीहरुको बैयक्तिक विवरणहरु इस्क्यान गरी कम्प्यूटरकृत गरिनेछ ।
- इटहरी उपमहानगरपालिका भित्र दुरत गतिमा भई रहेको वस्ति विस्तार र जनसंख्या बृद्धिलाई मध्यनजर गरि शान्ति सुरक्षार्थ हाल स्थापना भएका प्रहरी विटहरुको स्तरोन्नती गरी अस्थाई प्रहरी चौकीको रुपमा विकास गर्नुका साथै आवश्यक पर्ने थप स्थानहरुमा अस्थाई प्रहरी विट स्थापना गर्न आवश्यक पहल कदमी लिईनेछ ।
- संगठन तथा ब्यबस्थापन सर्वेक्षण प्रतिबेदनको आधारमा स्वीकृत संगठन संरचना अनुसार आवश्यक कर्मचारिको ब्यवस्थापन गरिनेछ ।
- उपमहानगरपालिकामा २५ वर्ष सेवा पुरा गरेका कर्मचारिहरुलाई सम्मान स्वरूप दिर्घ सेवा पदक प्रदान गरिने छ ।

- उपमहानगरपालिका काम काज गर्दै आएका दैनिक तथा मासिक ज्यालादारी कर्मचारीहरुलाई क्रमशस् मासिक तथा करार गर्दै लगिनेछ ।
- नगर प्रहरी तथा वारुणयन्त्रको सेवा प्रवाहलाई प्रभावकारी बनाउनको लागी आवश्यक जनशक्ति र तालिमको ब्यबस्था गरिनेछ ।
- छाडा चौपाया तथा सडक पेटीमा रहेका अब्यबस्थित हाट बजार,ब्यबसाय तथा विभिन्न सामाग्री राखी गरिने अतिक्रमण माथिको नियन्त्रण लाई निरन्तरता दिईनेछ । यसका लागी आवस्यक बजेट विनियजन गरेको छ ।

**कानून**

- न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त दुरुस्त र प्रविधिमैत्री बनाउन सूचना प्रविधिको माध्यमबाट वडा कार्यालयहरु तथा मेलमिलापकेन्द्रहरुलाई न्यायिक समितिसँग जोडाई न्याय सम्पादनको कार्यलाई सरल सहज र पहुँचयोग्य बनाउदै न्यायिक समितिको अभिलेखिकरणलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणाली जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- न्याय सम्पादनलाई सहज र प्रभावकारी बनाउन मेलमिलापकर्तालाई समयानुकुल परिस्कृत एवम् कानून सम्बत बनाउन "इटहरी उपमहानगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०८२" बमोजिम योग्यता पुगेका व्यक्तिहरुलाई सूचिकृत गरी मेलमिलापकर्ताको रुपमा छनौट गरी मेलमिलापकर्ताको पुनःसंरचना गरी उनिहरुलाई मेलिमलापको कार्यमा उत्प्रेरित गरिरहन अन्तरक्रिया एवम् पुनःताजगीका कार्यक्रमलाई सँग सँगै लगिनेछ ।
- उपमहानगरपालिकाका लागि आवश्यक पर्ने नीति तथा कानूनको निर्माण तथा परिमार्जन, एवम् संशोधन गर्दै कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिदै साझाँ अधिकार सम्बन्धि विषयमा कानुन निर्माणका लागि प्रदेश र संघीय सरकारसँग समन्वयको कार्यलाई निरन्तरता दिइनेछ । साथै इटहरी उपमहानगरपालिकाबाट हालसम्म निर्माण भई राजपत्रमा प्रकाशित भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड लागायतका कानूनहरुको संग्रहित गरि "कानूनको संगालो" पुस्तक प्रकाशन गरिनेछ ।

- न्यायिक समितिका पदाधिकारी र कर्मचारीहरुबाट असल अभ्यास भएका पालिकाका न्यायिक समितिहरुको अवलोकन बाट प्राप्त भएका अनुकरणीय कार्यहरुलाई अवलम्बन गर्दै लगिनेछ र आगामी आ.ब. मा समेत त्यस्तो कार्यलाई निरन्तरता दिदै लगिनेछ ।
- न्यायिक समितिमा विवाद दर्ता गराएका हिसापिडितहरु एवम् न्यायिक समितिका पदाधिकारीहरु तथा कर्मचारीहरुका लागि मनोसामाजिक परामर्श (psycosocial Concelling) तालिम प्रदान गरिनेछ
- वडा कार्यालय, वडाका जनप्रतिनिधि, वडास्तरिय मेलमिलापकेन्द्र, र वडा सचिवहरुलाई न्यायिक समितिको कार्यसम्पादन, क्षेत्राधिकार, विवाद दर्ता लगायतको विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरि वडा कार्यालयबाटै कानून अनुसार विवाद दर्ता गरी न्याय सम्पादनको कार्य वस्तुनिष्ट ढंगले गर्न तथा न्यायिक प्रक्रियालाई औपचारीक विधिमा ल्याउन आवश्यक बजेट व्यवस्थापन गरी सम्मानित सुनसरी जिल्ला अदालतबाट अनुगमनका क्रममा दिइएका सुझावलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- न्यायमा नागरिकको पहुँच वृद्दि, विवादको न्युनिकरण, विवाद समाधान, न्याय प्राप्तीको प्रक्रिया लगायतको विषयमा सचेतना अभिवृद्दि गर्न विध्यार्थी सँग न्यायिक समिति, जेष्ठ नागरिकसँग न्यायिक समिति, नागरिकसँग न्यायिक समिति जस्ता कार्यक्रमहरु संचालन गरि आम नागरिकको न्यायिक समितिसम्म सामिप्यता बढाइउने कार्यमा जोड दिइनेछ ।

  सुनसरी जिल्लाभरिका न्यायिक समितिहरु बिचमा हुदै आएको मासिक अन्तरक्रिया कार्यक्रमलाई प्रदेशस्तरीय बनाउदै अझ प्रभावकारी बनाउन विषेश पहल गरि निरन्तरता दिइनेछ । यसका निम्ती रु ४० लाख विनियोजन गरेको छु ।

## सूचना तथा संचार प्रविधि

इटहरी उपमहानगरपालिकाबाट प्रवाहा हुने सेवा सुविधाका साथै राज्यका बिभिन्न अंग र निकायबाट प्रकाशन तथा प्रशारण हुने लोककल्याणकारी सुचना तथा बिज्ञापनलाई थप व्यवस्थित गरी सुसुचीत गराउन पत्रकार जगत तथा आम सञ्चार

माध्यमको प्रयोग अपरीहार्य हुन आउछ अतः यी कार्यहरुलाई व्यवस्थित तवरबाट सञ्चालन गर्न तपशिल बमोजिमको नीति अख्तियार गरिनेछ ।

- फिचर लेखन तालिम, फेलोसिप लेखन तथा पत्रकार सम्मान आदि कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- शहरका मुख्य मुख्य चोकहरुमा फ्री वाईफाई जोन बनाउँने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- इटहरी भित्रका एफ.एम.रेडियो, टेलिभिजन र अनलाईन मिडियाहरुलाई उपलब्ध गराउँदै आएको कार्यक्रमलाई निरन्तरता दिंदै सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत् जनचेतना, कृषि सेवा, यातायात तथा ट्राफिक सूचना, बजार मूल्य, बृद्धि तथा महामारीविरुद्ध सचेतना तथा विकासका गतिविधिहरूको सूचना सम्प्रेषण गरिनेछ ।
- डिजिटल साक्षरता, ई-गभर्नेन्स, स्मार्ट शिक्षा, साइबर सुरक्षा तथा सूचना प्रविधिमा आधारित उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय तहका प्रशासनिक तथा सेवा प्रवाहका कार्यलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गरी छिटो, पारदर्शी र प्रभावकारी सेवा प्रदान गरिनेछ।
- सार्वजनिक महत्वका आवश्यक स्थानहरूमा निजी क्षेत्रसमेतको सहभागितामा निःशुल्क इन्टरनेटको प्रबन्ध गरिनेछ ।
- कर्मचारीहरुलाई सूचना प्रविधि तथा ई-गभर्नेन्स सम्वन्धी तालिमको व्यवस्था गरिनेछ ।
- स्थानीय तहमा प्रयोग हुने सूचना प्रणाली, डाटा तथा नेटवर्कको सुरक्षा सुनिश्चित गर्न साइबर सुरक्षा मापदण्ड लागू गरिनेछ ।
- नगरवासीहरुलाई सूचना प्रविधिमैत्री बनाउन क्रमशः नगरपालिका परिसर, वडा कार्यालयहरु र महत्वपूर्ण स्थानहरुमा वाईफाई फ्री जोनको लागि इन्टरनेटको प्रवन्ध मिलाइनेछ ।
- मोवाइल एपद्धारा सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।
- नगर सरकारको वेव पेजमा नै सवै वडा कार्यालयहरुलाई आवद्ध गरि वडाका सवै गतिविधिहरु सम्वन्धित वडाको वेब पेजमा राख्ने व्यवस्था मिलाइनेछ ।

- डिजिटलाइज्ड नागरिक बडापत्र यस कार्यालय र अन्तर्गतका कार्यालयहरुमा यसै आ.व.मा राखिनेछ ।
- स्थानीय तहका सम्पूर्ण अभिलेख, दस्तावेज तथा तथ्याङ्कलाई डिजिटल माध्यममा सुरक्षित राख्ने तथा आवश्यकताअनुसार आदानप्रदान गर्ने व्यवस्था मिलाउनेछ।
- महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दुर्गम क्षेत्रका नागरिकलाई समेत सूचना प्रविधिमा पहुँच सुनिश्चित गरिनेछ ।
- संघ, प्रदेश र स्थानीय तहबीच सूचना तथा डाटा आदानप्रदान गर्न एकीकृत तथा अन्तरआवद्ध प्रणालीको विकास र प्रयोग गरिनेछ । यसका लागी रु १ करोड बिनियोजन गरको छु ।

**खाद्य परीक्षण, बजार व्यवस्थापन तथा अनुगमन**

- उपभोक्ता हकहितलाई मध्यनजर गर्दै नियमित रुपमा बजार अनुगमन गरि उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण सुनिश्चितता गरिनेछ।
- खाद्य स्वच्छता, पोषण तथा उपभोक्ता शिक्षा कार्यक्रमलाई महत्वका साथ संचालन गरिनेछ।
- उपभोक्ता स्वास्थ्यलाई मध्यनजर गर्दै तथा बजार अनुगमनलाई थप प्रभावकारी बनाउनका लागि खाद्य गुणस्तर मापन प्रयोगशाला सुदृढीकरण गर्दै अखाद्य वस्तुहरुको परीक्षण गरिनेछ।
- आम उपभोक्ता/व्यवसायी/उद्योगीहरुलाई उपभोग्य वस्तु तथा सेवाको गुणस्तर, मूल्य, परिमाण लगायतका अन्य महत्वपूर्ण विषयमा आमसंचार माध्यम तथा स्थलगत सचेतनामुलक कार्यक्रमहरु संचालन गरी जनचेतना बढाइने छ।
- बजार अनुगमन तथ्यांक व्यवस्थापन गर्नका लागि डिजिटल सिस्टम निर्माण गरिनेछ। यसका लागी आवस्यक बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य**

- राष्ट्रिय खोप तालिका अनुसार सबै बालबालिकाले खोप पाउने मौलिक अधिकारलाई सुनिश्चित गरी पूर्ण खोप नगर कायम गरिनेछ ।

- समुदायस्तरमा पोषण लेखाजोखा गरि पहिचान भएका कुपोषित बालबालिकालाई उचित उपचार तथा ब्यबस्थापन गरिनेछ ।
- उप प्रमुख प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत महिलाहरुको आङ्ग खस्ने , पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, प्रसव फिस्टूला सम्बन्धि समस्यालाई वडास्तरको घुम्ती शिविरबाट बिशेषज्ञबाट स्क्रिनिङ्ग तथा उपचार लाई निरन्तरता दिइएकोछ ।
- ल्याव सेवा भएका स्वास्थ्य चौकिहरुबाट सेवा स्तरवृद्धि गरी गर्भवती महिलाहरुको लागि ANC profile निशुल्क गरिने व्यवस्था मिलाइनेछ ।
- आयुर्वेद लगायत अत्याबश्यक औषधीको उपलब्धता सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरुवाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मेडिकल औजार उपकरण, ल्याव रिएजेन्ट र सर्जिकल सामग्रीको आपूर्ति तथा बितरण प्रभावकारी बनाइनेछ ।
- वडा स्तरमा सामुदायिक नर्सिङ्ग घरदैलो कार्यक्रम मार्फत हरेक परिवारको प्रोफाइल तयार गरी स्वास्थ्य सचेतना, पैरवी, परिक्षण तथा परामर्श सेवा प्रदंप्रदन गरीनेछ । परिवारमा रहेका गर्भवती, सुत्केरी, बालबालिका, जेष्ठ नागरिक तथा दिर्घ रोगीलाई घरमै नियमित स्वास्थ्य परिक्षण एबम औषधी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- बिद्यालयमा अध्ययनरत छात्रछात्रामा स्वस्थ जिबनशैली अपनाउन प्रत्येक वडाको सामुदायिक माध्यमिक बिद्यालयमा स्वास्थ्य प्रबर्धन तथा स्वास्थ्य परिक्षण जस्ता क्रियाकलाप गर्नको लागि बिद्यालय नर्सिङ्ग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- एच. आइ. भि. संक्रमित, यौनिक तथा लै□क अल्पसंख्यक लक्षित कार्यक्रम सन्चालन गरिनेछ ।
- मृगौला प्रत्यारोपण, डायलायसिस गराइरहेका, मेरुदण्डको पक्षघात, क्यान्सर जस्ता कडा रोगको बिरामीको मासिक उपचार खर्च एकिकृत सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पन्जिकरण शाखा मार्फत बिरामीको व्यक्तिगत बैंक खातामा उपलब्ध गराइनेछ ।
- नगर अन्तर्गतका सवै स्वास्थ्य संस्थामा अनलाइन अभिलेख तथा प्रतिबेदन प्रणालीलाई अझ व्यवस्थित गर्न आबश्यक सामग्री तथा इन्भर्टरको व्यवस्था गरिनेछ ।
- एक चिकित्सक एक स्वास्थ्य चौकी कार्यक्रम लाई निरन्तरता दिदै कार्यक्रमबाट कार्यरत चिकित्सकलाई सेवा करार गरिनेछ ।

- अस्पतालबाट डिस्चार्ज भइ घरमा उपचाररत गम्भीर प्रकृतिको बिरामीको लागि आबश्यक पर्ने अक्सिजन सिलिन्डरको निशुल्क व्यवस्था गरिनेछ ।
- स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रको सेवा गुणस्तर र प्रभावकारी बनाउन न्युनतम सेवा मापदण्ड कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यन्वयन गरिनेछ । स्वास्थ्यकर्मीको पेशागत वृत्ति बिकासको लागि क्षमता बिकास सम्बन्धि तालिमको आयोजना गरिनेछ ।
- इटहरी अस्पतालको पूर्वाधार विकास, जनशक्ति ब्यबस्थापन, फार्मेसी सेवा तथा थप सेवा बिस्तारका लागि थप अनुदान रकम दिइनेछ ।
- माहामारी रोकथाम नियन्त्रण, आपतकालिन स्वास्थ्य ब्यबस्थापनको लागि पूर्व तयारी र प्रतिकार्य योजनालाई प्रदेश तथा संघ संग समन्वय गर्दै समुदायस्तरको रोग निगरानी कार्यक्रम (SORMAS) संचालन गरिनेछ ।
- नसर्ने तथा मानसिक रोगको रोकथाम एबम स्वास्थ्य प्रबर्धनको लागि आयुर्बेद, होमीयोप्याथी तथा अन्य बैकल्पिक चिकित्सालाई समाबेश गरि कार्यक्रम संचालन गरिनेछ ।
- वडा स्तरमा नागरिक आरोग्य सेवा केन्द्र सन्चालन तथा विस्तार गरि आम नागरिकलाई आधारभूत आयुर्वेद उपचार सेवा दिने व्यवस्था मिलाइनेछ ।
- विभिन्न निकायवाट संचालन स्वीकृति लिई यस नगरमा सन्चालित निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्था तथा अस्पतालबाट प्रवाह हुने सेवाको गुणस्तर मापनका लागि अनुगमन तथा नियम कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरवासीको लागि निशुल्क एम्बुलेन्स तथा शब बहन सुविधालाई निरन्तरता दिइएकोछ ।
- निजी तथा सरकारी अस्पताल लगायत स्वास्थ्य संस्थाहरुबाट सृजित अस्पतालजन्य फोहोरमैला उचित ब्यबस्थापनका लागि अन्य स्थानको विद्यमान प्रणालीको अध्ययन अबलोकन गरी भावी रणनीति तयार गरिनेछ । स्वास्थ्य क्षेत्रमा रु ७ करोड बिनियोजन गरेको छु ।

## शिक्षा, युवा तथा खेलकुद

### १ सामुदायिक विद्यालयको न्यूनतम भौतिक पूर्वाधारको विकास र विस्तार-

- विद्यार्थी शिक्षक अनुपात, भौगोलिक सेवा क्षेत्र न्यून भएका दुई वा सोभन्दा बढी विद्यालयलाई विद्यालय नक्साङ्कनका आधारमा शैक्षिक सत्र २०८३ बाट विद्यालयहरु डाउन साइज/मर्ज तथा मातृ विद्यालयमा समायोजन गर्ने नीति लिइनेछ,
- सामुदायिक विद्यालयमा अध्ययरत बालबालिकाको आवातजावतलाई सहज बनाउन लागत साझेदारीमा स्कुल बसको व्यवस्था मिलाइनेछ,
- सबै सामुदायिक विद्यालयहरुमा न्यूनतम विद्युत, इन्टरनेट तथा खानेपानी महशुलको लागि अनुदान दिने नीति लिइनेछ ।
- विद्यालयको वातावरणलाई स्वच्छ बनाउनका (शौचालय तथा विद्यालय हाता सरसफाइ) लागि आवश्यक जनशक्ति परामर्श सेवाबाट खरिद गरी कार्यन्वयन गर्न विद्यार्थी संख्याका आधारमा अनुदान उपलब्ध गराइनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गत सञ्चालित **सामुदायिक विद्यालयहरुलाई क्रमश स्मार्ट विद्यालयको रुपमा विकास विकास** गर्दै लगिनेछ ।
- शैक्षिक सत्र २०८३ बाट लागत साझेदारीमा सामुदायिक विद्यालयहरुमा **पढ्दै कमाउँदै कार्यक्रम** लागू गरिनेछ
- बालविकास केन्द्रहरुलाई आवश्यक पूर्वाधार सहित नमूना बालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा पूर्ण रुपमा डेक्स, बेन्च जस्ता भौतिक पूर्वाधारको प्रबन्ध गर्ने व्यवस्था मिलाइनेछ ।

## २. शिक्षण सिकाइमा सूचना प्रविधिको पहुँच विस्तार

- शैक्षिक सत्र २०८२ बाट विद्यालयहरुमा आवश्यक न्यूनतम सूचना प्रविधि/इन्टरनेट, स्मार्ट बोर्ड, सि.सि.क्यामारा, पुस्तकालय, विज्ञान प्रयोगशाला आदिको प्रबन्ध मिलाउनेछ ।
- यस उपमहानगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयका कक्षाहरुलाई क्रमश प्रविधिमैत्री कक्षाका रुपमा विकास गरिनेछ ।

## ३.पेशागत विकास र सहयोग-

- आगामी शैक्षिक सत्रबाट प्रत्येक हप्ताको एक दिन सामुदायिक विद्यालयमा सिप, उद्यमशीलता, खेलकुद, सङ्गित, भाषा, कला, साहित्य तथा नेतृत्व सिप विकास गर्ने कार्यक्रम (Friday for Future) सञ्चालन गरिनेछ,
- आधारभूत तालिम नलिएका प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई आधारभूत तालिमको व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेसागत विकासको लागि प्रत्येक तीन/तीन महिनामा कक्षा सुपरीवेक्षण गरी प्राप्त प्रतिबिम्वनलाई प्रस्तुतीकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यान्वयका लागि आवश्यक शिक्षक तालिम/पाठ्यक्रम प्रबोधीकरण तथा निरन्तर विद्यालय मूल्याङ्कनको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्नुका साथै शैक्षिक गुणस्तर सुधारका लागि अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकहरुको पेशागत क्षमता विकासका लागि आवश्यक तालिम (शैक्षणिक योजना निर्माण र कार्यान्वयन, विद्यार्थी मूल्याङ्कन र प्रमाणीकरण, शैक्षिक सामग्री निर्माण र प्रयोग, आधुनिक सूचना प्रविधिको सिकाइमा प्रयोग, स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण आदि) सञ्चालन गरिनेछ ।
- प्रधानाध्यापक र विद्यालय कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम(प्रअ नेतृत्व विकास (बार्षिक बजेट निर्माण, IEMIS मा आधारित विद्यालय लेखा प्राणाली, IEMIS व्यवस्थापन, शैक्षिक योजना निर्माण र कार्यान्वयन) विद्यालय कर्मचारी (IEMIS मा आधारित विद्यालय लेखा प्राणाली, दैनिक प्रशासन र अभिलेख व्यवस्थापन,पुस्तकालय व्यवस्थापन) को व्यवस्था गरिनेछ।

## ४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको पहुँच विस्तार

- अनौपचारिक शिक्षा अन्तर्गतका कार्यक्रमहरु (साक्षरता कक्षा सञ्चालन र निरन्तर शिक्षा सम्बन्धी) सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालनको व्यवस्था मिलाइनेछ ।

- विद्यालय उमेर समुहका विद्यालय नगएका र १५ बर्ष माथिका निरक्षरहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गरिनेछ ।
- विद्यालय बाहिर भएका बालबालिकालाई विद्यालयमा ल्याउन कार्ययोजना निर्माण गरी कार्यान्यवयन गरिनेछ ।

## ५. विद्यालय शिक्षाको पुनर्संरचना-

- प्रारम्भिक बाल विकास केन्द्र र आधारभूत तह सञ्चालित विद्यालयहरुलाई विद्यार्थी संख्या तथा प्रचलित मापदण्डका आधारमा पुनर्संरचनाको (नयाँ स्थापना, सार्ने, गाभ्ने, बन्द गर्ने र तह घटाउने) व्यवस्था मिलाइनेछ ।
- प्रचलित नियम र मापदण्डका आधारमा दरबन्दी मिलान गर्ने र तहगत न्यूनतम दरबन्दी नपाएका विद्यालयहरुलाई प्रदान गर्दै आएको शिक्षण सहयोग अनुदान कार्यक्रमलाई निरन्तरता र विस्तार गरिनेछ ।
- सबै सामुदायिक विद्यालयमा योग शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालयमा योग शिक्षक उत्पादन गर्ने नीति लिइनेछ ।

## ६. विद्यालय शुसासन तथा गुणस्तर-

- खुला प्रतिस्पर्धाबाट माध्यमबाट पूर्णकालीन प्रधानाध्यापक छनोट गरी प्रधानाध्यापकलाई शैक्षिक गुणस्तरप्रति जवाफदेही र उत्तरदायी बनाउने व्यवस्थालाई कार्यान्वयन गरिनेछ,
- शैक्षिक सत्र २०८३ देखि संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनलाई थप व्यवस्थित बनाई सबै प्रकारका शुल्कहरुमा एकरुपताका लागि आवश्यक व्यवस्था मिलाइनेछ,
- आगामी शैक्षिक सत्रबाट हरित विद्यालय निर्माण कार्यक्रम साथै विद्यालयमा योग, ध्यान, प्राणायम, आयुर्वेद शिक्षालाई कार्यान्वयनको व्यवस्था मिलाइनेछ,
- आगामी शैक्षिक सत्रबाट विद्यालय लेखाङ्कन प्रणालीलाई व्यवस्थित बनाउन दोहोरो लेखा प्रणाली (SAS) को कार्यान्वयन गरिनेछ,
- विद्यालयमा गठन गरिने पूर्व विद्यार्थी समाज, स्काउट, आमा समूह, बाल क्बल, समूह/सदन, जुरेस, युरेस जस्ता समूहको गठन गरी बालबालिकामा सामाजिक भावना, नैतिक शिक्षा, व्यावहारिक सिप विकास गरिनेछ,

- आगामी शैक्षिक सत्रबाट इटहरी उपमहानगरपालिकाअन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयको पोसाकमा एकरुपता कायम गरिनेछ,
- विद्यालयहरुमा विदाको समयमा पानी, बत्ती र परिवान शुल्क लिन नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ,
- विद्यालय सञ्चालनको अनुमति लिई शैक्षिक सत्रभित्र कक्षा सञ्चालन नगर्ने विद्यालयको अनुमति रद्द गरिनेछ,
- दलित, अपाङ्ग, सीमान्तकृत, अति विपन्न, मुसहर तथा लोपोन्मुख जातिलाई राज्यको मूलधारमा पहुँच नपुगेका अन्य बालबालिकालाई विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने प्रकृतिका कार्यक्रम सञ्चालन गरिनेछ,
- सबै सामुदायिक विद्यालयहरुमा क्रमश तहगत प्रधानाध्यापकको व्यवस्था गर्दै लगिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा इ हाजिरी र सिसि क्यामेरा जडान गरी गुणस्तर सुधारका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- त्रैमासिक रुपमा नगर प्रमुखसँग विद्यार्थी कार्यक्रम सञ्चालन गरिनेछ ।
- अर्धबार्षिक रुपमा प्रधानाध्यापक,विव्यस अध्यक्ष र शिअसंघ अध्यक्ष सहितको अन्तर्क्रिया कार्यक्रम आयोजना गरी विद्यालयको प्रगति समिक्षा गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षा,युवा तथा खेलकुद महाशाखाबाट सम्पादित कार्यक्रमहरुको अर्धबार्षिक तथा बार्षिक प्रगति समीक्षाको व्यवस्था मिलाइनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षा महाशाखामा कार्यरत कर्मचारी विद्यालय व्यवस्थापन समितका अध्यक्ष,प्रधानाध्यापक र शिक्षकहरु को कार्य सम्पादन करार सम्झौता गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षक कर्मचारीहरुलाई सिकाइ उपलब्धिका आधारमा आवश्यक मापदण्ड बनाइ दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यार्थीमा अन्तर्निहित खेल तथा गीत संगीत क्षेत्रको विकासका लागि यस उपमहानगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई परामर्श सेवा खरिदबाट प्रशिक्षक व्यवस्थापनका लागि एकमुष्ट अनुदान रकम उपलब्ध गराइनेछ ।

- शैक्षिक सत्र २०८३ देखि स्थानीय विषयको पाठ्यक्रम अन्तर्गत इटहरीको सेरोफेरो (कक्षा ६-८) र थारु भाषाको पाठ्यपुस्तक (कक्षा १-५) विकास गरी लागूगर्ने व्यवस्था मिलाइनेछ ।
- संस्थागत तथा सामुदायिक विद्यालयका शैक्षिक तथा आर्थिक गतिविधि सहितको प्रगति प्रतिवेदन त्रैमासिक रुपमा भिभावक भेला आयोजना गरी सार्वजनिक सुनुवाइ गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ५० बर्ष उमेर पूरा गरी ३० बर्ष स्थायी नोकरी अवधि पूरा गरेका १ बर्ष भन्दा बढी सेवा अवधि बाकी रहेका शिक्षकहरुले सेवाबाट स्वेच्छिक राजिनामा गरेमा एकमुष्ट प्रोत्साहन उपलब्ध गराइनेछ ।
- कक्षा १२,एसइइ,कक्षा ८ र कक्षा ५ को अन्तिम परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गर्ने एक छात्रा,एक छात्रलाई प्रोत्साहनगर्न पुरस्कारको व्यवस्था गरिनेछ ।
- निजी तथा सामुदायिक शिक्षण संस्था बिच भगिनी सम्बन्ध स्थापित गराई सामाजिक उत्तरदायित्व बहनगर्ने वातावरण तयार गरिनेछ ।
- शैक्षिक सत्र २०८३ देखि सामुदायिक विद्यालयहरुमा न्यूनतम रुपमा सङ्गित, खेलकुद, नृत्य शिक्षकको व्यवस्था गरिनेछ ।
- आगामी आर्थिक वर्षबाट इटहरी उपमहानगरपालिकाभित्र सङ्गित क्षेत्रको विकासको लागि सङ्गित शिक्षाको सम्भाव्यता अध्ययन गरिनेछ । शिक्षा क्षेत्रमा रु ४ करोड ५० लाख विनियोजन गरेको छु ।

## युवा तथा खेलकुद

- सामुदायिक विद्यालयहरुमा अध्ययरत विद्यार्थीहरुको खेल क्षेत्रको विकासको लागि स्कुल टु ओलम्पिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै खेलकुद क्लबलाई सूचीकृत गर्ने व्यवस्था मिलाइनेछ ।
- नगर खेलकुद विकास समिति गठन तथा कार्यालय सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- राष्ट्रपति रनिङ्ग शिल्डप्रतियोगीता सञ्चालनको व्यवस्था मिलाइनेछ ।

- अन्तर्राष्ट्रिय,राष्ट्रिय,प्रदेशस्तरी र जिल्लास्तरीय खेलकुद प्रतियोगीतामा उत्कृष्ट खेल प्रदर्शनगर्ने नगर भित्रका खेलाडीहरुलाई सम्मान र पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- नगरस्तरीय खेलकुद प्रतियोगीता (मेयर कप,फुटबल, भलिबल, उसु, कराँते, तेक्वान्दो, टेवल टेनिस, ब्याडमिण्टन, एथेलेटिक्स, क्रिकेट, म्याराथुन, फुटसल, फेन्सिङ, बास्केटबल, बुद्धिचाल, स्नुकर आदि ) सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- खेलकुदसँग सम्बन्धित संस्थाहरु उपमहागरपालिकामा दर्ता गरी खेल क्षेत्रको विकासलाई ब्यवस्थित बनाइनेछ ।
- खेलसँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु नगर खेलकुद विकास समितिको निर्णयानुसार सञ्चालन हुने ब्यवस्था मिलाइनेछ ।
- अन्तर्ष्ट्रिय,राष्ट्रिय,प्रदेशस्तरी , जिल्लास्तरीय तथा अन्तर पालिकास्तरीय खेलकुद प्रतियोगीतामा सहभागीताको ब्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेका खेल मैदानहरुलाई स्तरोन्नति गर्दै लगिनेछ ।
- नगरस्तरीय अपाङ् खेलकुद प्रतियोगीता सञ्चालन गरिनेछ ।
- इटहरी उपमहानगरपालिका वडा नं.९ मा सञ्चालित कोशी प्रदेशको स्वामित्वमा रहेको रंगशालालाई उपमहानगरपालिकले स्वामित्वलिइ सञ्चालनगर्न आवश्यक पहल गरिनेछ ।
- इटहरी उपमहानगरपालिका अन्तर्गत बसोबासगर्ने १५-४५ बर्षका युवाहरुको रोजगारी र खेल क्षेत्रको संलग्नता देखिने लगत संकलन गरिनेछ ।
- इटहरी उपमहानगरपालिकामा दर्ता भएका खेलसँग सम्बन्धित संस्थाहरुलाई प्रतियोगीता सञ्चालनका लागि आवश्यक खेल सामग्रीहरु उपलब्ध गराइनेछ ।
- नगर खेलकुद सञ्चालन नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर क्षेत्र भित्र विभिन्न स्थानमा क्रमश खुल्ला व्यायामशाला स्थापना गर्दै लगिनेछ ।
- क्रिकेट खेललाई थप व्यवस्थित गर्दै प्रतियोगिताहरु सञ्चालन गर्न क्रिकेट खेल मैदानहरुको स्तरोन्नती गरिदै लैजाने छ ।

  यसका लागी १ करोड ५० लाख विनियोजन गरेको छु ।

## भौतिक पूर्वाधार विकास

- आवधिक योजना, मध्यमकालिन खर्च संरचना निर्माण गरी दिगो विकास, राष्ट्रिय तथा प्रदेश नीति र नगरवासीहरुको आवश्यकतानुसार पूर्वाधार विकास योजनाहरु निर्माण तथा कार्यान्वयन गर्दै लगिनेछ ।
- संघ , प्रदेशसंग आवश्यक समन्वय गरी इटहरी उपमहानगरपालिकाको बाहिरी चक्रपथको संभाव्याता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन (D.P.R.) तयार गर्ने कार्यलाई प्रथमिकताका साथ अगाडि वढाइनेछ ।
- इटहरीको सर्वाङगिण विकासको निम्ति गुरु योजना (Master Plan) तयार गर्ने कार्यलाइ प्राथमिकताका साथ अगाडि वढाइनेछ ।
- सुन्दर शहर बनाउन सौन्दर्यकरणका लागी सडक निर्माण संगसंगै सडक क्षेत्राधिकार भित्र आवश्यक स्थानहरुमा Curb Stone, Foot Path, Drain, Road Marking, Reflectors, सहितका Road Furniture लगाउने व्यवस्था गर्दै लगिनेछ ।
- नगरभित्र संचालन गरिने भौतिक पूर्वाधार निर्माण आयोजना तथा कार्यक्रमहरुको जेष्ठ मसान्तभित्र नै सम्पन्न गर्ने गरी भाद्र महिना भित्र नै क्यालेण्डर तयार गरी कार्यान्वयनमा लगिनेछ ।
- उपभोक्ता मार्फत संचालनमा ल्याइने आयोजनाहरुको निर्माण लागतमा आयोजना स्थलमा रहेका समुदायको आर्थिक सामाजिक अवस्थालाइ मध्यनजर गरी न्युनतम लागत सहभागितामा संझौता गरी योजना संचालन गरिनेछ ।
- सुरक्षित आवाश तथा भवन निर्माण कार्यका लागी राष्ट्रिय भवन संहिताको कार्यान्वयनलाइ कडाइका साथ कार्यान्वयन गराइनेछ ।
- हाल संचालनमा आइरहेको निर्माण सामाग्री गुणस्तर परिक्षण प्रयोगशालाको क्षमता विस्तार तथा स्तरोन्नती गरी भौतिक संरचनाहरुलाइ गुणस्तरिय र दिगोपना कायम राख्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- सार्वजानिक निजी साझेदारी कार्यक्रम (पिपिपि) को मोडलमा बिभिन्न निजी क्षेत्रको साझेदारीमा कार्यक्रम गर्ने नीति लिइएकोछ ।

- एशियाली विकास बैंक र जायिका जस्ता अन्तराष्ट्रिय दातृ संस्थाहरुसंग समन्वय भइ चालु आ.व.मा इटहरीको डुवान नियन्त्रण तथा सडक पूर्वाधारका महत्वपूर्ण योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (D.P.R.) तयार गर्ने कार्य तदारुकताका साथ अगाडि बढिरहेको अवस्थामा आगामी आर्थिक वर्षमा उक्त परियोजनाहरु संचालन गर्ने नीति लिइनेछ ।
- पालिका भित्रका वडा र अन्तरपालिका जोड्ने महत्वपूर्ण सडकहरु निर्माण तथा विस्तार कार्यलाइ निरन्तरता दिइनेछ ।
- पैदल यात्रीहरुको आवागमनमा सहजताका लागी कोशी राजमार्ग अन्तर्गत २ वटा आकाशे पुलको निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ ।
- पालिका भित्र अवस्थित राष्ट्रिय राजमार्ग तथा मुख्य सडकहरुमा सि.सि. क्यामरा जडान कार्यलाइ निरन्तरता दिंदै शान्ती सुरक्षा तथा सडक सुशासन प्रवर्द्धन गरिनेछ ।
- व्यवस्थित शहरिकरणमा टेवा पुर्याउन सुरक्षित आवाश तथा बस्ती विकास गर्न न्युनतम भौतिक पूर्वाधार (सडक कालोपत्रे, ढलान, इन्टरलक ब्लक, ड्रेन, खानेपानी विद्युत विस्तार ) भएपछि मात्र विक्रीका लागी सिफारिस गरिने नीतिलाइ निरन्तरता दिइनेछ ।
- बहुवर्षिय,गत विगतदेखि संचालनमा आइरहेका तथा चालु आ.व.मा सम्पन्न हुन बांकी रहेका सडक तथा पुल पूर्वाधारहरुको प्राथमिकताको आधारमा निर्माण सम्पन्न गर्दै लगिनेछ साथै लामो समय देखि निर्माण संचालन र सम्पन्न हुन नसकेका संकटग्रस्त आयोजना (Sick Project) हरुको संझौता रद्द गरी नयाँ प्रक्रियावाट योजना संचालन तथा सम्पन्न गर्ने नीति कडाइका साथ अवलम्वन गरिनेछ ।
- बाढी तथा डुवानको समस्यालाइ न्युनिकरण गरी सुरक्षित आवास तथा व्यवस्थित शहरिकरणका लागी खेति खोला, सुकुमारी खोला लगायतका खोला पैनीको क्षेत्रधिकार कायम गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
- नागरिकहरुलाइ विकसित शहरमा बसोवास गरेको अनुभुति दिलाउन सहज रुपमा आवागमनका लागी पालिका भित्र आवत जावत गर्न सकिने गरि पुल, कल्भर्ट, तथा सडकहरुको निर्माण तथा मर्मत कार्य गर्दै लगिनेछ ।

➢ सडक तथा पुलहरुको दिगोपना तथा सहज रुपमा पानी निकासको लागी घना बस्ती भएका सडक किनारामा आर.सि.सि. प्रोटेक्सनवाल, ड्रेन निर्माण कार्य योजनाहरुलाइ निरन्तरता गर्दै लगिनेछ ।

➢ कालोपत्रे तथा ठुला मेशिन औजार प्रयोग गरी गरिने निर्माण कार्य बाहेकका जल प्रकोप नियन्त्रण, स-साना कल्भर्ट, नाली निर्माण, खोलापैनी सरसफाइ, सडक ग्रावेल, इन्टरलक ब्लक ओच्छयाउने तथा सामुदायिक भवन निर्माण जस्ता कार्यहरुमा उपभोक्ताहरुको लागत सहभागिता सुनिश्चितता भए/गरे पछि मात्र उपभोक्ता समिति मार्फत गरिने कार्यलाइ निरन्तरता दिइनेछ ।

➢ नगरभित्रका आवश्यकताका आधारमा सरोकारवालाहरुवाट माग भएका स-साना एउटै प्रकृतिका निर्माण कार्यहरुलाइ एकिकृत गरी रु ५ लाख भन्दा साना आयोजनाहरुको न्युनिकरण गर्दै लगिने नीतिलाइ निरन्तरता दिइनेछ ।

➢ टेङग्रा खोलाको क्षेत्राधिकार कायम र करिडोर निर्माण गर्ने परियोजना संचालन गर्दा पूर्ण रुपमा विस्थापित हुने घर परिवारलाइ पून स्थापना गर्ने नीति लिइनेछ ।

➢ विश्व बैंकको सहयोगमा इटहरीको मुख्य समस्याको रुपमा रहेको बाढी तथा डुवानको समस्यालाइ दिर्घकालिन रुपमा समाधानको लागी नमुना कार्यक्रमको रुपमा आएका प्रकृतिमा आधारित मोडेल (Nature Basad Solution) बाट बाढी नियन्त्रण गर्ने कार्यको संभाव्यता अध्ययन सम्पन्न भइसकेकोमा आगामी आर्थिक वर्षमा नमुना मोडेलको रुपमा कार्यान्वयनका लागी नेपाल सरकार तथा अन्य निकायहरुसंग अनुरोध गरिनेछ ।

➢ आगामी आ.व. २०८३/०८४ मा इटहरी उपमहानगरपालिकाको आयोजना बैंक निर्माण गरिनेछ ।

➢ घर नक्शा सम्बन्धि डिजिटल, अभिलेखिकरण मापदण्ड पूर्ण रुपमा तयार गरी लागु गरिनेछ ।

➢ डिजिटल हाउस मार्किङ गर्ने कार्यलाइ भुमि बर्गिकरणसंग एकिकृत गरी कार्यान्वनमा ल्याइनेछ ।

➢ जलवायु परिवर्तनको जोखिम न्युनिकरण गर्न इटहरी उपमानगरपालिका भित्र रहेका साना तथा ठुला उद्योगहरुवाट उत्पन्न हुने कार्वन न्युनिकरणका लागी प्रोत्साहित गर्ने नीति लिइनेछ ।

➢ लागत साझेदारीमा उपभोक्ताहरु मार्फत संचालन हुने आयोजनाहरु निर्माण तथा मर्मत सम्भारमा गुणस्तरियता तथा दिगोपना हांसिल गर्न उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागी प्रत्येक वडामा अभिमुखिकरण कार्यक्रम आयोजना गरिनेछ ।

➢ पूर्वाधार विकास महाशाखा प्राविधिक कर्मचारीहरुको क्षमता विकास, तालिम, गोष्ठी तथा भ्रमण कार्यक्रमहरुको आयोजना गरी पूर्वाधार निर्माणमा प्राविधिक दक्षता अभिवृदि गरिनेछ ।

➢ चालु आर्थिक वर्ष २०८२।०८३ को वडा तथा नगर, सामाजिक, आदिवासी जनजाति, इसाइ लगायत अन्य बिषयगत तर्फका भौतिक पूर्वाधार स्वीकृत योजनाहरु मध्ये सम्झौता हुन बाँकी रहेका योजनाहरु समेत आगामी वर्षमा सञ्चालन गरिनेछ ।

➢ एशियाली विकास वैंकको सहयोगमा संचालन हुने एकिकृत खानेपानी तथा सरसफाइ आयोजना आगामी आ.व. २०८३/०८४ मा निर्माण कार्य शुरु गरी ३ वर्ष भित्रमा सम्पन्न गरिनेछ ।

➢ जनता बहुमुखी क्याम्पसमा निर्माणाधिन छात्रबास आ.व. २०८३/०८४ मा सम्पन्न गरी अन्य सामुदायिक विद्यालय/कलेज मा छात्रबास निर्माणका लागी संभाव्यता अध्ययन गरिनेछ ।

➢ सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न फर्निचर , स्मार्टबोर्ड , खानेपानी तथा सरसफाइ , विद्यालयहरु मर्मत सम्भार जस्ता आवश्यक पूर्वाधारहरुको निर्माण गरिनेछ ।

भौतिक पुर्वाधारका निम्ति आवश्यक बजेट विनियोजन गरेको छु ।

**भुमी व्यवस्थापन**

- भूमीहिन दलित,भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासी ब्यवस्थापन गर्नका लागी व्यवस्था मिलाइनेछ ।

  यसका लागी रु १० लाख बजेट विनियोजन गरेको छु ।

**प्राविधिक प्रयोगशाला**

- भौतिक पुर्वाधार तर्फको निर्माण कार्यमा प्रयोग भएका सामग्रीहरुको गुरस्तर परीक्षणका लागि स्थापना गरीएको प्रयोग शालाको भौतिक पुर्वाधार सुदृढीकरण

गर्दै अत्याधुनिक मेसिन, यन्त्र उपकरण तथा सामग्रीहरुको जडान र व्यवस्थापन गरीने छ ।

- निर्माण सामग्रिको स्थलगत नमुना संकलन, प्राविधिक परिक्षण र स्थलगत सुपरिवेक्षणको व्यवस्था मिलाइने छ ।
- निर्माण व्यवसायि तथा उपभक्ता समितिहरुलाइ निर्माण गुणस्तरको मापदण्ड बारे अभिमुखिकरण गरी जवाफदेही र दिगो निर्माण अभ्यासलाइ प्रवद्धन गरीदै लगिने छ ।
- ल्याब इन्फर्मेसन म्यानेजमेन्ट सिस्टम (LIMS) को प्रयोग गरी भौतिक प्रयोग शालाको रिपोर्ट तथा तथ्याङ्क लाई डिजिटल र पारदर्शी बनाइने छ ।

यसका लागी रु ३० लाख बिनियोजन गरेको छु ।

**भवन निर्माण इजाजत तथा नियमन**

- विद्युतीय भवन निर्माण प्रणाली ( e-BPS ) र अन लाइन हस्ताक्षर ( डिजिटल सिग्नेचर ) सेवा प्रवाहको आधारभूत पक्ष रहेकाले सो को निरन्तरता तथा थप प्रभावकारिताका लागि अन्य आवस्यक व्यवस्था गरिनेछ ।
- शाखाबाट सम्पादन हुने कार्य थप प्रभावकारी तुल्याउँन आवस्यक मापदण्ड तयार गरिनेछ ।
- सुरक्षित बसोबासलाई मध्यनजर गरी निर्माण व्यवसायीलाई थप सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित बसोबासलाई दुष्टिगत गरी घरधनी तथा निर्माण कर्मीहरूलाई संयुक्त रूपमा निर्माण सम्वन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- शाखामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गरी सेवामा थप प्रभावकारिता ल्याउँन तालिम जस्ता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । बस्ति विकासलाई थप सुरक्षित तुल्याउँन नागरिक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- कर्मचारीको मनोबललाई उचो तुल्याई कार्य सम्पादन थप प्रभावकारी तुल्याउँन आवस्यक व्यवस्था गरिनेछ ।
- शाखाको कार्य सम्पादनलाई थप प्रभावकारी तुल्याउँन अन्य आवस्यक सामाग्रीको व्यवस्था गरिनेछ ।
- भवन/संरचना निर्माणलाई थप व्यवस्थित तुल्याई नगरलाई सुरक्षित र सुन्दर तुल्याउँन आवस्यक कार्य गरिनेछ ।
- सेवा प्रवाहलाई थप प्रभावकारी तुल्याउँन र निर्माणको गुणस्तरलाई थप सुदृढ गर्न भवन निर्माण ऐन, २०७५ संशोधन गरिनेछ ।

**घर नक्सा निर्माण**

- भवन/ संरचनाको नक्सा निर्माण गर्नको निमित्त इटहरी उपमहानगरपालिकाले विगतका बर्षहरू देखि घर नक्सा निर्माणका लागि घर नक्सा निर्माण शाखा सञ्चालनमा ल्याएको छ ।
- घर नक्सा निर्माण शाखाको कार्यलाई सुचारु गर्न आवस्यक विभिन्न सामाग्रीहरूको व्यवस्था गरिनेछ ।
- शाखाका कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी सेवाको प्रभावकारिताका लागि तालिम सञ्चालन गरिनेछ ।
- नक्सा निर्माणका सन्दर्भमा सवै वडा कार्यालयहरूलाई सुसूचित गराइनेछ ।
- शाखाबाट सञ्चालन हुने सेवा प्रवाहलाई अझ छिटो, छरितो तथा सरल रूपमा सम्पादन गर्न आवस्यक व्यवस्था मिलाइनेछ ।

  यसका लागी रु ४० लाख बजेट बिनियोज गरेको छु ।

**<u>विद्युत</u>**

- उज्यालो इटहरी कार्यक्रम सञ्चालन गरिने छ । जस अन्तर्गत शहरका मुख्य बजार तथा चौकमा हाइ मास्क लाइट जडानको नीति आगामी आर्थिक वर्षमा निरन्तरता दिइने छ ।
- स्थानीय टोल विकास संस्था तथा टोल वासीहरुको माग स्थलगत अनुगमनको आधारमा सडक वत्ति जडान गरिदै उज्यालो इटहरी कार्यक्रमलाई विस्तार गरिदै लगिने छ ।

  यसका लागी रु ३० लाख बिनियोजन गरेको छु ।

**<u>सामाजिक विकास</u>**

- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणालाई नगरपालिकाका सबै विषय क्षेत्र र प्रशासनिक संयन्त्रमा संस्थागत गरिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रक्रियालाई अनिवार्य गरिनेछ र कार्यक्रमहरूको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको व्यवस्था मिलाइनेछ ।
- महिलाविरुद्ध हुने सबै प्रकारका विभेद, कुरीति र हिंसा अन्त्य गर्न वडास्तरमै सचेतना, वित्तीय तथा कानुनी साक्षरता र सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- नगरभित्रका विपन्न, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा महिला समूहहरूको आर्थिक स्वावलम्बन र सामाजिक सशक्तीकरणका लागि **'उपप्रमुख आत्मनिर्भर कार्यक्रम'** लाई निरन्तरता दिइनेछ। यस कार्यक्रम अन्तर्गत लक्षित वर्गलाई परम्परागत सीपबाट आधुनिक व्यवसायतर्फ रूपान्तरण गर्न व्यक्तिगत जीविकोपार्जन सम्बन्धी आधुनिक प्रविधि, उपकरण तथा औजार हस्तान्तरण गरिनेछ। साथै, नगरका महिलाहरूलाई आर्थिक रूपमा आत्मनिर्भर र संगठित बनाउन विभिन्न महिला समूहहरूलाई मागको आधारमा स्थानीय कच्चा पदार्थमा आधारित उद्यमशीलता तथा व्यावसायिक क्षमता विकास तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण गरिनेछ।
- हिंसापीडित तथा मानसिक समस्या भएका महिला तथा किशोरीहरूका लागि सञ्चालित आश्रयस्थल र सेफ हाउसलाई थप व्यवस्थित र सुरक्षित बनाइनेछ।
- हिंसापीडित, बालबालिका तथा किशोरीहरूका लागि मनोसामाजिक परामर्श, पुनर्स्थापना र निःशुल्क कानुनी सहायता कार्यक्रमलाई थप सुदृढ बनाइनेछ।
- महिला उद्यमीहरूका लागि डिजिटल साक्षरता, प्रविधिमैत्री तालिम र उत्पादित वस्तुहरूको बजारीकरणका लागि विशेष प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- एकल महिलाहरुलाई सामाजिक संरक्षणका लागि सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गर्दै आर्थिक आत्मनिर्भरताका लागि सीपमूलक तालिम, जीविकोपार्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- किशोरीहरुको शिक्षा,स्वास्थ्य,नेतृत्व विकास र आत्मनिर्भरता मार्फत किशोरी सशक्तिकरणलाई प्रवर्धन गरिनेछ ।
- बालमैत्री स्थानीय शासनका निर्धारित सूचकहरू पूरा गर्न सूचकमा आधारित शासकीय अभियान सञ्चालन गरिनेछ ।
- सडक, श्रम र मनोरञ्जन क्षेत्रका जोखिमयुक्त बालबालिकाको उद्धारका लागि 'बाल संरक्षण कोष' स्थापना गरिनेछ। उद्धार गरिएका बालबालिकाको सर्वोत्तम हितका लागि संस्थागत बसोबास भन्दा पारिवारिक पुनर्मिलनलाई पहिलो प्राथमिकता दिइनेछ।
- बाल संरक्षण कार्यलाई प्रभावकारी बनाउन नेपाल प्रहरी, विषयगत गैरसरकारी संस्थाहरू र सरोकारवालाहरु सँग सहकार्य गरिनेछ।

- योजना तर्जुमाको प्रारम्भिक चरणमै वडा स्तरीय बाल भेला गराई निर्णय प्रक्रियामा बाल आवाज अनिवार्य समावेश गरिनेछ।
- टोल, वडा र पालिका स्तरमा निष्क्रिय रहेका बाल क्लब तथा बाल सञ्जालहरूलाई कानुनी रूपमा पुनर्गठन र दर्ता गरिनेछ।
- बालबालिकाको क्षमता विकासका लागि पालिका स्तरमा नियमित खेलकुद, प्रविधिमैत्री सीप र नेतृत्व विकास कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र दुर्व्यवहार अन्त्य गरी पारिवारिक वातावरण बालमैत्री बनाउन अभिभावकहरूका लागि "सकारात्मक पालनपोषण"सम्बन्धी सचेतना तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकहरूमा रहेको ज्ञान र सीपलाई नयाँ पुस्तामा पुऱ्याउन अन्तरक्रिया गरिनेछ । ज्येष्ठ नागरिकका अनुभव तथा अप्रकाशित लेख-रचनाहरूलाई लिपिबद्ध (दस्ताबेजीकरण) गर्न सहयोग गरिनेछ ।
- ''ज्येष्ठ नागरिकको सम्मानः हाम्रो अभियान" अन्तर्गत सबै वडाहरूमा विश्रामस्थल तथा दिवासेवा संचालन गरिनेछ र स्थानीय स्तरमै ज्येष्ठ नागरिक सम्मान कार्यक्रमहरू आयोजना गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूको शारीरिक र मानसिक स्वास्थ्य सुधारका लागि स्वास्थ्य शिविर, योग शिविर, मनोरञ्जनात्मक खेल र तीर्थाटन (धार्मिक) भ्रमणहरू सञ्चालन गरिनेछन् ।
- उपमहानगर क्षेत्रभित्र सञ्चालित ज्येष्ठ नागरिकसँग सम्बन्धित संघ-संस्था तथा वृद्धाश्रमहरूलाई सुदृढ बनाउन सहयोग गर्नुका साथै उनीहरूको उचित अनुगमन र नियमन गरिनेछ।

- अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्याङ्क संकलन गरी डिजिटल प्रोफाइल तयार गरिनेछ। अपाङ्गताको प्रकृतिका आधारमा परिचय-पत्र वितरण कार्यक्रमलाई सरल र व्यवस्थित बनाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक आवश्यकता र प्रकृतिको पहिचान गरी ह्विलचियर, वैशाखी, सेतो छडी, कृत्रिम अङ्गहरू लगायतका सहायता सामाग्रीहरु निःशुल्क तथा नियमित रूपमा वितरण गरिनेछ। वितरण गरिएका सहायता

सामग्रीहरूको दिगोपनका लागि स्थानीय स्तरमै मर्मत सम्भार गर्ने व्यवस्था मिलाइनेछ ।

- जन्मजात वा दुर्घटनाका कारण हुन सक्ने अपाङ्गताको जोखिमलाई न्यूनीकरण गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा सम्मानजनक र आत्मनिर्भर जीवनयापन गर्न मद्दत पुर्याउने उद्देश्यले संघिय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- अटिजम भएका बालबालिकाको अधिकारमुखी समावेशी विकास, अभिभावकहरूको क्षमता अभिवृद्धि र समुदाय स्तरमा सचेतनामूलक अभियान सञ्चालन गर्न विशेष लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- हाल १६ वटा बैंक तथा वित्तिय संस्थाबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिदै आएकोमा भत्ता वितरण प्रणालीलाई थप पारदर्शी, प्रविधिमैत्री, सहज तथा प्रभावकारी बनाउन आ.व. २०८३/०८४ बाट एक वडा एक बैंक नीति अवलम्बन गरि भत्ता वितरण गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता विशेष गरि जन्म, मृत्युलाई शत प्रतिशत दर्ता सुनिश्चित गर्न सबै नागरिक तथा सरोकारवालालाइ विशेष कार्यक्रम मार्फत अवहान गरिनेछ ।
- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी सेवामा नागरिकको सहज पहुँच विस्तार गर्न वडा तहको सेवा प्रवाहलाई सुदृढ गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अभिलेखलाई नियमित अद्यावधिक गरी दोहोरोपन तथा त्रुटि न्यूनीकरण गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना अभिवृद्धि गरी नागरिकलाई सेवा प्रति उत्तरदायी बनाइनेछ ।
- गैरसरकारी संस्थाहरूको सामाजिक परिचालनलाई थप पारदर्शी, उत्तरदायी र नतिजामुखी बनाइनेछ। गैरसरकारी संस्थाहरूका कार्यक्रमलाई उपमहानगरपालिकाको विकास प्राथमिकतासँग आबद्ध गर्दै योजना सञ्चालनमा दोहोरोपन रोक्न एकद्वार प्रणाली लागू गरिनेछ।

- गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित परियोजनाहरूको नियमित अनुगमन, प्रभाव मूल्याङ्कन र सामाजिक परीक्षण गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ।
- उपमहानगरपालिका क्षेत्रका अल्पकालीन तथा दीर्घकालीन संरक्षण केन्द्रहरूलाई व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ। लक्षित वर्गको मर्यादित संरक्षणका लागि सञ्चालित केन्द्रहरूको वार्षिक व्यवस्थापन योजना र स्वीकृत मापदण्डका आधारमा सम्झौता गरी सञ्चालन अनुदान प्रदान गरिनेछ।
- उपमहानगरपालिकाका प्रमुख औपचारिक उत्सव र सार्वजनिक कार्यक्रमहरूमा थारू समुदायको मौलिक संस्कृति, भेषभूषा र पहिचानलाई 'प्रथम नागरिक' को रूपमा विशेष प्राथमिकता र सम्मान दिइनेछ।
- थारू समुदायको विस्तृत घरधुरी सर्वेक्षण (लगत संकलन) गरी प्राप्त तथ्याङ्कका आधारमा प्रथम नागरिकको उत्थानका लागि मध्यमकालीन र दीर्घकालीन गुरुयोजना तर्जुमा गरिनेछ।
- आदिवासी जनजाति महासंघ र सम्बन्धित संस्थाहरूको सक्रियतामा आदिवासीहरूको भाषा, कला, साहित्य, रीतिथिति, भेषभूषा र रैथाने परिकारहरूको अभिलेखीकरण, संरक्षण तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- आदिवासी जनजाति समुदायको ऐतिहासिक पहिचान झल्कने प्रकृतिका सांस्कृतिक सङ्ग्रहालय, सामुदायिक भवन र अन्य आवश्यक भौतिक पूर्वाधारहरू महासंघ तथा सम्बद्ध संस्थाहरूसँगको प्रत्यक्ष साझेदारी र सक्रियतामा निर्माण गरिनेछ।
- दलित, लोपोन्मुख, पिछडा र अल्पसंख्यक वर्गको परम्परागत सीप (जस्तैः बाजा,आरन, सिलाई, हस्तकला आदि)लाई बचाई राख्न आधुनिक प्रविधि, उपकरण र पुँजीगत अनुदान उपलब्ध गराइनेछ।
- सम्बन्धित जातीय समाज र महासंघको सक्रियतामा परम्परागत सीपमूलक तालिम तथा उत्पादित सामानको बिक्रीका लागि बजारीकरणका लागि सहयोग गरिनेछ । साझेदारीमा 'जातीय विभेदमुक्त नगर' सचेतना अभियान सञ्चालन गरिनेछ।
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सामाजिक अन्तरघुलन र मर्यादित जीवनयापनका लागि क्षमता विकास, स्वरोजगार र विशेष स्वास्थ्य सेवा प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- इटहरी उपमहानगरपालिकाले मधेशी मुस्लिम लगायत सामाजिक रुपमा पछाडी पारिएका समुदायको शिक्षा,स्वास्थ्य,महिला सशक्तिकरण र समावेशीकरणका लागि लक्षित कार्यक्रम संचालन गर्नेछ।
- इटहरी उपमहानगरपालिका क्षेत्रभित्र रहेका टोल विकास संस्थाहरूको क्षमता विकास गरी विकास निर्माण लगायत सामाजिक क्षेत्रमा सहकार्य र सहभागिता गराइने छ।
- टोल विकास संस्था गठन हुन बाँकी रहेका वडा तथा बस्तीहरूमा क्रमशः टोल विकास संस्था गठन गरी परिचालन गरिने छ।
- टोलवासीको आवश्यकता तथा समस्या पहिचानका लागि टोलटोलमा जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिने छ।
- टोलटोलमा जनप्रतिनिधिमार्फत कार्यक्रम सञ्चालन गरी स्थानीय स्तरका आवश्यकता र मागलाई तत्काल सम्बोधन गर्ने नीति अवलम्बन गरिने छ।
- टोल विकास अन्तर्गत महिला समूह, बाल समूह, भजनकीर्तन समूहलाई आवश्यकतानुसार सामग्रीहरू वितरण गरिने छ।
- गरिबी निवारणका लागि 'लघु उद्यम विकास कार्यक्रम' (MEDPA) लाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ। यस अन्तर्गत उद्यम गर्न चाहने विपन्न युवा तथा महिलाहरूलाई सीपमूलक तालिम, प्रविधि हस्तान्तरण, सहुलियतपूर्ण वित्तीय पहुँच र उत्पादित वस्तुको बजार व्यवस्थापनमा आवश्यक सहयोग उपलब्ध गराइनेछ।
- यसका लागी आश्यक बजेट विनियोजन गरेको छु ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण**

- हाल १६ वटा बैंक तथा वित्तिय संस्थाबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिदै आएकोमा भत्ता वितरण प्रणालीलाई थप पारदर्शी, प्रविधिमैत्री, सहज तथा प्रभावकारी बनाउन आ.व. २०८३/०८४ बाट एक वडा एक बैंक नीति अवलम्बन गरि भत्ता वितरण गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता विशेष गरि जन्म, मृत्युलाई शत प्रतिशत दर्ता सुनिश्चित गर्न सबै नागरिक तथा सरोकारवालालाइ विशेष कार्यक्रम मार्फत अवहान गरिनेछ ।

- सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी सेवामा नागरिकको सहज पहुँच विस्तार गर्न वडा तहको सेवा प्रवाहलाई सुदृढ गरिनेछ ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, एकल महिला तथा अन्य लक्षित वर्गको सम्मान, संरक्षण र अधिकार प्रवर्द्धनमा जोड दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको अभिलेखलाई नियमित अद्यावधिक गरी दोहोरोपन तथा त्रुटि न्यूनीकरण गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना अभिवृद्धि गरी नागरिकलाई सेवा प्रति उत्तरदायी बनाइनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण अद्यावधिक गर्ने तथा वायोमेट्रिक भेरफिकेशन अभियान २० वटै वडामा सञ्चालन गरिनेछ ।
- अशक्त, पूर्ण अपाङ्गता भएका तथा ज्येष्ठ नागरिकको अवस्था बारे नियमित अनुगमन तथा घरदैलो सेवा सञ्चालन गरि सामाजिक सुरक्षा भत्ता घरमै गएर वितरण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहि मध्ये ज्येष्ठ नागरिकलाइ अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपमहानगर तथा वडा कार्यालयहरूमा सामाजिक सुरक्षा सम्बन्धी गुनासो तथा परामर्श सहायता डेस्क सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा सुविधाको पहुँचबाट वञ्चित नागरिकको पहिचान गरी सेवामा आबद्ध गरिनेछ ।
- इटहरी उपमहानगरपालिका भित्र रहेका तथा आसपास रहेका स्वास्थ्य संस्था, बर्थिङ सेन्टर तथा अस्पतालसँग समन्वय गरी जन्म भएको ३५ दिनभित्र जन्मदर्ता सुनिश्चित गर्न BRMS र DRMS प्रणाली संचालनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- इटहरी उपमहानगरपालिका भित्र संचालनमा रहेका सामुदायिक तथा संथागत विद्यालयहरुमा भर्ना तथा छात्रवृत्ति वितरणमा जन्मदर्तालाई अनिवार्य अनलाइन प्रणालीमा आवद्ध गरी कार्यान्वयन गरिनेछ ।
- वडामा रहेका टोल विकास संस्था, महिला समूह, आमा समूह तथा युवा क्लबमार्फत घटना दर्ताको महत्वबारे जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- सुकुम्बासी क्षेत्र, विपन्न समुदाय तथा विशेष लक्षित वर्गसम्म पुग्ने गरी मोबाइल सेवा शिविर सञ्चालन गरी घटना दर्ता गरिनेछ ।
- वडा कार्यालयहरूको सामाजिक सुरक्षा भत्ता वितरण तथा घटना दर्ता सम्बन्धी सेवा प्रवाहको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।
- प्रत्येक वर्ष सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी विशेष सप्ताह सञ्चालन गरिनेछ ।
- इटहरीका अस्पताल तथा निजी स्वास्थ्य संस्थासँग समन्वयगरी जन्म भएको सूचना स्वतः वडा कार्यालय तथा पालिकामा पठाउने BRMS प्रणाली संचालनमा ल्यइनेछ ।
- ९० वर्षमाथिका तथा अशक्त लाभग्राहीको घरमै पुगेर विवरण अद्यावधिक तथा भत्ता वितरण गर्ने कार्यक्रम संचालन गरिने ।
- महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक तथा टोल विकास संस्थाका प्रतिनिधिलाई घटना दर्ता प्रवर्द्धन दूतको रूपमा परिचालन गर्ने ।
- जन्मदर्ता दर १०० प्रतिशत पुऱ्याउने वडालाई प्रोत्साहन प्रदान गर्ने ।
  यसका लागी आश्यक बजेट विनियोजन गरेको छु ।

**सहकारी**

➢ अर्थतन्त्रका प्रमुख तिन खम्वा मध्येको एक सहकारी क्षेत्रलाई आम नगरवासीहरुको जीवनसँग आवद्ध गराई उद्यमशिलता विकास मार्फत रोजगार प्रवद्र्धन गर्न सहकारीलाई परिचालित गरिने छ ।

➢ सहकारी सँग सम्वन्धित समग्र कानुनहरुको परिपालना गराउदै सहकारी संस्था र सहकारी सदस्यहरुको हित प्रवद्र्धनलाइ सुनिश्चितता गरिनेछ ।

➢ सहकारी ऐन, कानुन वमोजिम सहकारी संस्था संचालन गर्न सरोकारवाला लाई सू—सूचित गराइने छ ।

➢ सहकारीको मुल्य मान्यता र व्यवस्था वमोजिम सहकारीहरुलाई सदस्य केन्द्रित, कार्यक्षेत्र र उद्देश्यमा आधारित भई कार्य गर्न उत्प्रेरित गर्दै उत्तरदायि,प्रविधिमैत्री तथा उत्पादनमुखि संस्थाका रुपमा विकास गराइने छ ।

- सहकारी संस्थाको उद्धेश्य अनुरुपको कार्य गर्न प्रोत्साहन गर्दै लगिने छ ।
- नगर भित्र संचालित सहकारी संस्थाहरुका सदस्यहरुको वचत सुरक्षालाई उच्च प्राथमिकतामा राख्न समन्वय गरिने र सदस्यहरुले समेत आफुले लिएको ऋण समयमै तिर्ने कानुनि व्यवस्थाको पालना गराउन गम्भिर भएर लागिने छ ।बचत फिर्ता नगर्ने संस्थाका संचालक समिति लगायत सरोकावालालाई र ऋण नतिर्ने ऋणि सदस्यहरुलाई आवश्यक कानूनि कारवाहिको लागि सम्वन्धित निकायमा सिफारिस गर्नुका साथै प्रचलित कानून वमोजिम उपमहानगरपालिकाबाट प्रवाह गरिने सेवा सुविधा र सम्पति तथा वैक खाता रोक्का गर्ने प्रकृया अगाडि वढाइनेछ ।
- समितिमा बसि कालोसुचिमा परेका वा आफु वा परिवारका सदस्यले लिएको ऋण वा जमानी वसेको ऋण खराव ऋणमा वर्गिकृत भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पदमुक्त हुने कानूनि व्यवस्था कडाईका साथ पालना गराउनुका साथै एक सहकारी वाट ऋण लिई नतिर्ने र अर्को वा अन्यत्रको सहकारी संस्थामा समितिमा रहि प्रचलित सहकारी कानूनको पालना नगर्ने संस्थाका सदस्यलाई आवश्यक कारवाहीको लागि सम्वन्धित निकायमा समन्वय गरि कानूनको पालना गराउने प्रकृया सुरु गरिनेछ ।
- समस्यामा परेका सहकारी पहिचान गरी सुधारको लागि पहल गरिनेछ ।

- सहकारी तथा गरिवि सम्वन्धी व्यवस्थापन सुचना प्रणाली **COPOMIS** मा इटहरी उपमहानगरपालिका भित्रका सहकारी संस्थाहरुलाई अनिवार्यरुपमा **COPOMIS** मा आवद्धता गराई सम्पुर्ण तथ्याङ्क प्रविष्ट गराउदै लैजाने व्यवस्था मिलाइने छ ।

- नगर क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गर्दै पुँजीको सही परिचालन मार्फत सदस्यहरुको उद्यम प्रवद्र्धनमा केन्द्रित गर्न नियमित रुपमा निरिक्षण एवं अनुगमनको व्यवस्था गरिनेछ ।

- प्रचलित सहकारी ऐन, कानुन मुताविक सहकारी संस्थाहरुको एकिकरण लाई प्रोत्साहन गरिने छ ।
- सहकारी संस्थाहरुलाई नियमन सँगसँगै प्रवद्र्धन र प्रशिक्षण कार्यलाई समान रुपमा अगाडि वढाईने छ ।

- सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागि संचालक समिति÷लेखा सूपरीवेक्षण समिति÷अन्य उपसमिति÷सदस्यहरु र कर्मचारीहरुलाई सहकारी सम्वन्धि विभिन्न तालिम, अन्तरकृया, गोष्ठी तथा सहकारी सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ । साथै समितिमा रहनुभएका युवा तथा महिला सदस्यहरुलाई नेतृत्व विकास तथा क्षमता विकास कार्यक्रमको माध्यमवाट शसक्तिकरण गर्दै लगिने छ ।
- सहकारी संस्थाका संचालक समितिका अध्यक्ष,लेखा सूपरीवेक्षण समिति संयोजक र व्यवस्थापकसँगको नियमित बैठक कार्यक्रम संचालन गरिनेछ ।

- सहकारी सम्वन्धि सचेतना अभिवृद्धि गराई सामाजिक संलग्नता अभिवृद्धि गर्न सहकारी सम्वन्धि ब्रोसर प्रकाशनको माध्यमवाट सरोकारवाला लाई जानकारी प्रदान गरिने छ ।
- नगर सहकारी ऐन,नियमावलीलाई समय सापेक्ष संशोधन गरिनेछ ।
- नगरका नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुलाई लक्ष्य अनुरुप सञ्चालन गर्न प्रेरित गर्दै त्यस्ता सहकारी संस्था मध्ये उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
- कार्यसम्पादनको आधारमा सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापक पुरस्कृत गर्ने ब्यवस्था मिलाइनेछ ।
- सहकारी शाखाका कर्मचारीहरुको क्षमता अभिवृद्दिको लागि आफ्नै आयोजना वा अन्य निकायको आयेजनामा हुने तालिम कार्यक्रममा सहभागि गराइने छ ।

- नगरको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुबाट तथ्य, तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी सहकारी संस्थाको स्तरिकरण गर्ने व्यवस्था मिलाइनेछ ।

- नगर क्षेत्र भित्रका प्रत्येक सहकारी संस्थाहरुले सदस्य शिक्षा कार्यक्रम र वित्तिय साक्षरता सम्वन्धि कार्यक्रम अनिवार्य रुपमा संचालन गर्नु पर्ने व्यवस्था कडाइका साथ लागु गर्दै लगिने छ ।

- निर्धारित समयमै आन्तरिक लेखा परिक्षण, अन्तिम लेखा परिक्षण र वार्षिक साधारण सभा अनिवार्य गर्न प्रेरित गरिनेछ ।

- सफ्टवेयर मार्फत सहकारी संस्थाको लेखा राख्ने व्यवस्थामा सहजिकरण र समन्वय गरिनेछ ।
- विद्यालय तथा कलेज स्तरिय सहकारी सचेतना कार्यक्रम संचालन गर्न समन्वय गरिनेछ ।
- एक सहकारी एक उत्पादनमुलक गतिविधि संचालन गर्न प्रेरित गरिनेछ ।
- एक व्यक्ति एकमात्र विषयगत सहकारीको सदस्य हुन पाउने कानुनी व्यवस्थाको अनिवार्य पालना गराइनेछ ।
- सहकारी ऐन, नियमावली वमोजिम संचालक समिति र लेखा सुपरिवेक्षण समितिमा रहन नपाउने सम्वन्धि व्यवस्थालाई कडाईका साथ लागु गरिने छ ।
- एक सदस्यद्धारा अनेक सहकारी वाट ऋण लैजाने परिपाटिको अन्त्यको लागि सरोकारवाला सवै पक्ष सँगको सहकार्यमा आवश्यक प्रकृया अघि वढाईने छ ।

- सहकारीमा देखापरेको समस्या समाधानको लागि आवश्यकताको आधारमा सहकारी÷लेखा विज्ञ परामर्श सेवा लिइनेछ ।
- दुई वर्ष भन्दा वढि समयदेखि निष्कृय सहकारी संस्थालाई नियमानुसार खारेजीको प्रकृयामा लगिने छ ।
- राष्ट्रिय सहकारी नियमन प्राधिकरणवाट सहकारी संस्था संचालन इजाजतपत्र प्राप्त गरि मात्र कारोवार गर्न, कर्जा सूचना केन्द्रको सदस्यता लिन, कर्जा असुलि न्यायधिकरणवाट उपलव्ध हुने सेवा लिन र सम्पति शुद्दिकरण निवारण सम्वन्धि आवश्यक कार्य गर्न सहकारी संस्थालाई प्रोत्साहन गरिनेछ ।
- ऐन, नियम वमोजिम संचालित सहकारी संस्थलाई पुरस्कार र ऐन, नियम विपरित संचालित सहकारी संस्थालाई कानुन वमोजिम दण्ड र कार्यवाहिको व्यवस्था क्रमशः कार्यान्वयन गर्दै लगिने छ ।

यसका लागी रु २५ लाख बजेट विनियोजन गरेको छु ।

## कृषि विकास

**"आत्मनिर्भर कृषि ,समृद्ध किसान र समुन्नत नगर"**

- कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गरि स्थानिय तहलाई खाद्यान्न ,तरकारी दलहन, तेलहन ,फलफूल, च्याउ बालीमा क्रमशः आत्मनिर्भर रहनेछ ।
- कृषि प्रसार सेवालाई प्रभावकारी बनाउन कृषक पाठशाला , प्राविधिक घुम्ति सेवा प्रर्दशन कार्यक्रम तथा कृषकस्तर र कर्मचारीहरुको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- युवा तथा महिलालाई कृषि उद्यमशिलतामा आकर्षण गर्न युवा लक्षित कृषि उद्यम कार्यक्रम संचालन गरिनेछ ।
- बाँझो तथा उपयोगहिन कृषि योग्य जमिनको उपयोग गरि चक्लावन्दी तथा समुहिक खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- स्थानिय संम्भाव्यता र विशिष्टीकरणका आधारमा एक वडा एक उत्पादन कार्यक्रम संचालन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- उन्नत गुणस्तरिय वीउ विजनको उत्पादन संरक्षण र प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- कृषि उत्पादन लागत न्यूनिकरण तथा उत्पादकत्व वृद्धि गर्न कृषि यान्त्रिकरण आधुनिक प्रविधि र साना सिंचाईलाई प्राथमिकता दिइनेछ ।
- विषादीको सुरक्षित प्रयोग , जैविक तथा प्राङ्गरिक खेती ,एकीकृत शत्रुजीव व्यावस्थापन आई.पि.एम. र सुरक्षित खाद्यय उत्पादनलाई प्रर्वद्धन गरिनेछ ।
- माटो परीक्षण तथा माटो स्वास्थ्य व्यावस्थापन कार्यक्रम संचालन गरी सन्तुलित मल दिगो भुमि व्यावस्थापनलाई प्रोत्साहन गरिनेछ ।
- बाली रोग तथा कीरा व्यावस्थापनका लागि प्रारम्भिक चेतावानी ,निगरानी तथा द्रुत प्राविधिक सेवा संचालन गरिनेछ ।
- रैथाने बाली बीउ नस्ल र कृषि जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिइनेछ ।
  - कृषिमा प्राविधिक कृषि सेवा प्रवाहको लागि एक गाँउ एक प्राविधिकलाइ निरन्तरता दिइनेछ
  - माटोको जैविक गुणमा ह्रास आउन नदिन प्राङ्गरिक मलको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

- कौशी खेतीका संभावित वडाहरुमा कौशि खेती तालिम तथा सामाग्री प्रविधि हस्तान्तरण गरिन्छ ।
- कृषिमा आधुनिकीकरण, यान्त्रिकरण ब्यबसायिकीकरण र वजारीकरण तथा वजार ब्यबस्थापनमा जोड दिइनेछ ।

- कृषि उत्पादन ,उत्पादकत्व ,आय तथा रोजगरी वृद्धि गर्न प्रदेश तथा संघिय सरकार सँग समन्वय गरी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- इटहरी वडा नं ९ मा रहेको आइतबारे बुधबारे साप्ताहिक हाटललाई कृषि बजारको रुपमा विकास गरीने छ । साथै व्यवस्थित पशु बधशाला समेत सञ्चालन गरिने छ ।

यसका लागी रु ८० लाख बजेट विनियोजन गरेको छु ।

**पशुपन्छी विकास**

**"स्मार्ट व्यवस्थापन प्रणाली, पशुपन्छी सेवामा नवीनतम क्रान्ति"**

- भन्ने नारालाई आत्मसात् गर्दै पशुपन्छी उपचार सेवा, प्रयोगशाला सेवा, खोप सेवा, रोग निगरानी, किसान तथा फार्म अभिलेखीकरण, अनुदान व्यवस्थापन र प्राविधिक सेवा प्रवाहलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित **भेटेरिनरी अस्पताल व्यवस्थापन प्रणाली** सञ्चालन गरी सेवालाई थप प्रभावकारी, पारदर्शी, छिटोछरितो र सेवाग्राहीमैत्री बनाउन डिजिटलाईजेसन गरिनेछ। यस प्रणालीको कार्यान्वयनबाट पशुपन्छी उपचार सेवाको अभिलेख व्यवस्थापन, रोगको पहिचान तथा उपचार प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाइनेछ। प्रयोगशाला सेवाबाट प्राप्त परीक्षण नतिजाहरूलाई डिजिटल रूपमा व्यवस्थापन गरी छिटो, विश्वसनीय र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गरिनेछ। साथै, खोप कार्यक्रमको योजना, वितरण, अभिलेखीकरण तथा अनुगमनलाई प्रविधिमैत्री बनाउँदै रोग नियन्त्रण तथा रोकथामका कार्यक्रमहरूलाई थप सुदृढ गरिनेछ। त्यसैगरी, अनुदान तथा प्रोत्साहन कार्यक्रमहरूको आवेदन, छनौट, वितरण तथा अनुगमन प्रक्रियालाई डिजिटल प्रणालीमा आबद्ध गरी पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाइनेछ। एकीकृत तथ्याङ्क व्यवस्थापन मार्फत नीति तथा योजना निर्माण, श्रोत साधनको प्रभावकारी परिचालन र नियमित सेवाको थप सुदृढ गरिनेछ । यसबाट सेवाग्राही किसानहरूले

सहज, गुणस्तरीय तथा समयमै सेवा प्राप्त गर्ने वातावरण सिर्जना भई पशुपन्छी क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि र आर्थिक समृद्धिमा टेवा पुग्नेछ । उक्त सेवा प्रदान गर्न मौजुदा जनशक्ति अपुग हुने भएकोले स्वीकृत दरबन्दी अनुसारको थप विशेषज्ञ जनशक्तिको व्यवस्थापन गरिनेछ ।

- **"दुध, फुल, मासुमा वृद्धि, इटहरीको सम्बृद्धि"** भन्ने नाराका साथ आम युवाहरूलाई विदेश पलायन हुनबाट रोकी स्वदेशमा नै रोजगारी सिर्जना गर्ने हेतुले **मागको आधारमा अनुदान कार्यक्रम** संचालन गरिनेछ ।
- कम उत्पादनशिल पशुहरूलाई उत्पादनशिल पशुको रूपमा विकास गरी पशु तथा पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशु नश्ल सुधार पद्धतिको विकास र व्यवस्थापनको निमित्त कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बार्है महिना हरियो घाँसमा आधारित पशु पालन पद्धतिको विकास गरी उत्पादन लागत घटाउन हिउँदे तथा वर्षे घाँस विस्तारका लागि **उत्पादनमा आधारित हरियो घाँस विस्तार** कार्यक्रम संचालन गर्नुका साथै सुख्खा मौसममा पनि पोषिलो आहारा उपलब्ध गराउन हरियो घाँसलाई संरक्षण गर्ने प्रविधिको अवलम्बन गरिनेछ ।
- न्यून आय भएका कृषकहरूको गाई/भैसीलाई कुपोषण हुनबाट जोगाई उत्पादकत्व वृद्धि गर्न सुत्केरी पोषण वितरण कार्यक्रमलाई निरन्तरता दिई किसानलाई प्रोत्साहन गरिनेछ ।
- पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगहरूको नियन्त्रणको निमित्त कृषकको घरदैलोमा आकस्मिक उपचार सेवा प्रदान गरिनुका साथै विभिन्न महामारी रोग विरूद्धको नियमित निःशुल्क खोप, खोप भण्डारणको लागि आवश्यक उपकरण, खोप सम्वन्धि जनचेतना र खोप कर्तालाई पारिश्रमिक उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।
- किसानको घरदैलोमै सेवा पुऱ्याउन निःशुल्क रूपमा पशु स्वास्थ्य शिविर, आन्तरिक तथा बाह्य परजिवि नियन्त्रणको लागि ड्रेन्चिङ तथा डिपिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिला, दलित, आदिवासी जनजाति, थारू, मुस्लिम तथा पिछडा वर्ग लक्षित कुखुरा पालन कार्यक्रम सञ्चालन गरी पारिवारिक पोषण तथा आयआर्जनमा टेवा पुऱ्याईनेछ ।
- पशुपन्छी सम्वन्धी प्रविधि प्रसार र क्षमता विकासको लागि कृषक तथा कर्मचारीहरूलाई विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम सन्चालन गरिनेछ ।
- पशुपन्छीहरुलाई लाग्ने विभिन्न किसिमका रोगहरुको निदान गरी तिनका नियन्त्रणका लागि आवश्यक औषधि, खोप तथा घुम्ति शिविरको व्यवस्था मिलाईनेछ ।
- **"कार्वोनेटेड पेय पदार्थ छोडौ, दुध, दही, मोही रोजौ"** यस नीतिको मूल उद्देश्य विद्यालय तहका विद्यार्थी तथा समुदायमा अस्वस्थकर र अत्यधिक चिनीयुक्त कार्बोनेटेड पेय पदार्थको उपभोग घटाई, त्यसको सट्टामा पोषणयुक्त स्थानीय पशुजन्य उत्पादन दुध, दही, मोही आदि को उपभोगलाई प्रोत्साहन गरिनेछ।

यस अन्तर्गत विद्यालय शिक्षा नीतिमा **"कार्वोनेटेड पेय पदार्थ छोडौ, दुध, दही, मोही रोजौ"** भन्ने जनचेतनामूलक नारालाई आधार बनाइनेछ। सोही अनुसार विद्यालयहरूमा स्वस्थकर आहार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ, जसले विद्यार्थीहरूमा सन्तुलित पोषण सम्बन्धी ज्ञान, व्यवहार र बानी विकास गर्न सहयोग पुऱ्याउनेछ ।

साथै, विद्यालय परिसरभित्र अस्वस्थ पेय पदार्थको प्रयोग तथा बिक्रीलाई निरुत्साहित गरी स्थानीय रूपमा उत्पादन भएका दुध तथा दुग्धजन्य वस्तुको प्रयोगलाई प्राथमिकता दिइनेछ। यसले एकातर्फ विद्यार्थीको स्वास्थ्य सुधारमा योगदान पुऱ्याउनेछ भने अर्कोतर्फ स्थानीय दुग्ध उत्पादनको बजार विस्तार भई कृषक तथा पशुपालकको आयआर्जनमा वृद्धि हुनेछ ।

यसरी, शिक्षा प्रणालीमार्फत पोषणयुक्त जीवनशैलीको प्रवर्द्धन गर्दै स्वस्थ, सक्षम र उत्पादनशील भविष्य निर्माण गर्ने दीर्घकालीन लक्ष्य हासिल गर्न स्कूल शिक्षा नीति अबलम्बन गरिनेछ ।

- **“स्वस्थ पशु, स्वस्थ वातावरण, सुरक्षित मासु एक स्वास्थ्य अभियान”** भन्ने अवधारणालाई आत्मसात गर्दै पशु स्वास्थ्य, जनस्वास्थ्य र वातावरणीय संरक्षणबीचको अन्तरसम्बन्धलाई सुदृढ गरिनेछ। पशु रोग नियन्त्रण, खोप तथा पशु स्वास्थ्य सेवाको विस्तार, व्यवस्थित पशुपालन, स्वच्छ वधशाला सञ्चालन, सुरक्षित तथा गुणस्तरीय मासु उत्पादन र वितरणको लागि नियमन प्रणालीलाई कडाई गरिनेछ। साथै, खाद्य सुरक्षा, जैविक सुरक्षा तथा वातावरणीय सरसफाइलाई प्राथमिकता दिँदै मानव, पशु र वातावरणको समग्र स्वास्थ्य संरक्षणका लागि **“एक स्वास्थ्य (One Health)”** नीतिमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- **“सफा थुन, स्वच्छ गोठ, समयमै पहिचान र उचित उपचार, थुनेलो नियन्त्रणको बलियो आधार"** दुग्ध उत्पादन तथा पशु स्वास्थ्य सुधारका लागि थुनेलो रोगबाट आक्रान्त इटहरीबासी कृषकहरूको गाईभैंसीमा देखिने थुनेलो रोग (थुनको संक्रमण) नियन्त्रणलाई प्राथमिकता दिईनेछ छ । यसका लागि दुहनुभन्दा अघि-पछि थुनको सरसफाइ गर्ने, गोठलाई स्वच्छ, सुख्खा तथा स्वास्थ्यकर बनाउने, किसानलाई रोगको प्रारम्भिक लक्षण पहिचान सम्बन्धी सचेतना प्रदान गर्ने तथा समयमै परीक्षण र उपचार सेवामा पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। साथै, पशु स्वास्थ्यकर्मी परिचालन, नियमित स्वास्थ्य शिविर, रोग निगरानी तथा प्राविधिक परामर्श मार्फत थुनेलो रोगको रोकथाम र नियन्त्रणलाई प्रभावकारी बनाइनेछ। यसबाट दूधको गुणस्तर र उत्पादन वृद्धि हुनुका साथै पशुपालक किसानको आयआर्जन र पशु कल्याणमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।
- **“कुकुर विरालोलाई खोप, समुदायलाई सुरक्षा; रेबिजमुक्त नगरपालिका हाम्रो प्रतिबद्धता।”**

  इटहरी उपमहानगरपालिकाले मानव तथा पशु स्वास्थ्यको संरक्षणका लागि रेबिज नियन्त्रण तथा उन्मूलन कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नेछ। यस अन्तर्गत घरपालुवा तथा सामुदायिक कुकुरहरूको नियमित रेबिजविरुद्ध खोप अभियान सञ्चालन गरिनेछ। घरपालुवा कुकुरहरूको अभिलेखीकरण तथा प्रभावकारी व्यवस्थापनका लागि **माइक्रोचिपिङ प्रणाली** लागू गरी प्रत्येक कुकुरको पहिचान, स्वामित्व विवरण तथा खोपको अभिलेख डिजिटल रूपमा व्यवस्थापन गरिनेछ।

साथै, कुकुर विरालो धनिलाई जिम्मेवार बनाउन कुकुर विरालो दर्ता प्रणालीलाई व्यवस्थित गर्ने जनचेतना अभिवृद्धिका लागि स्कूल शिक्षा अभियान संचालन गरिनेछ। सामुदायिक कुकुरहरूको व्यवस्थापन, बन्ध्याकरण, स्वास्थ्य परीक्षण तथा रेबिज निगरानी कार्यक्रमलाई समेत सुदृढ गर्दै पशु तथा मानवबीच सर्ने रोग (Zoonotic Diseases) नियन्त्रणमा विशेष ध्यान दिइनेछ। सम्बन्धित निकाय, पशु चिकित्सक तथा समुदायसँगको सहकार्यमा रेबिजमुक्त, सुरक्षित र स्वस्थ इटहरी निर्माण गर्ने लक्ष्यसहित आवश्यक नीति, कार्यक्रम तथा सेवा विस्तार गरिनेछ।

- पशुपन्छी सम्वन्धी बिमा र कृषि कर्जा वास्तविक व्यवसायिक कृषकको पहुँचसम्म पुऱ्याउन सरोकारवाला संस्थाहरूसँग अन्तरकृया/गोष्ठी कार्यक्रम सञ्चालन गरिनेछ ।
- **"घरदैलोमै प्रजनन व्यवस्थापन, उत्पादन वृद्धि र किसान सशक्तीकरण।"**

गाई भैसीमा देखा परिरहेको अत्याधिक बाँझोपन समस्याले गर्दा किसान पलायन हुनबाट रोक्न पशुपालन क्षेत्रको उत्पादकत्व वृद्धि, पशु स्वास्थ्य सुधार तथा किसानको आयआर्जन अभिवृद्धि गर्ने उद्देश्यले **गाईभैंसीको बाँझोपन निवारण तथा प्रजनन व्यवस्थापनसम्बन्धी घरदैलो (Door to Door) सेवा कार्यक्रम** सञ्चालन गर्नेछ। यस कार्यक्रममार्फत प्राविधिक टोलीलाई किसानको घर तथा गोठसम्म परिचालन गरी प्रजनन अवस्थाको परीक्षण, बाँझोपनको पहिचान, उपचार तथा आवश्यक परामर्श सेवा प्रदान गरिनेछ। कृत्रिम गर्भाधान, गर्भ परीक्षण, प्रजननसम्बन्धी रोगको निदान तथा उपचार, पोषण व्यवस्थापन सम्बन्धी परामर्श र अभिलेखीकरणलाई एकीकृत रूपमा कार्यान्वयन गरिनेछ। साथै, प्रजनन दक्षता वृद्धि, बाच्छाबाच्छी उत्पादन दर सुधार तथा दुग्ध एवं मासु उत्पादन बढाउन लक्षित सचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। यसबाट पशुहरूको प्रजनन क्षमता सुधार भई उत्पादन वृद्धि, लागत न्यूनीकरण तथा किसानको आर्थिक सशक्तीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

- बजारमा माछाको बढ्दो मागलाई ध्यानमा राखी स्थानीयस्तरमा रहेको मत्स्यपालन व्यवसायी कृषकहरूलाई प्रोत्साहन गरी मत्स्य विकास गर्न माछा सम्वन्धि देखा

पर्ने विभिन्न समस्याहरूको निराकरण गर्न निःशुल्क माछा शिविर, आवश्यक उपकरण तथा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

- पशुपालन व्यवसायलाई प्रविधि मैत्रि, आधुनिकिकरण, यन्त्रिकरण गरी प्रति इकाई उत्पादन लागत घटाउन र उत्पादकत्व वृद्धि गर्न विभिन्न किसिमका यन्त्र उपकरण उपलब्ध गराई व्यवसायिक फार्म संचालन गरिरहेका कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।
- स्वस्थ पशु, स्वच्छ तथा गुणस्तरीय पशुजन्य उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा बजारीकरणको लागि व्यवसायिक पशुपालन फार्म सञ्चालन गरिरहेका कृषकहरूलाई **"पशुपालन असल अभ्यास"** (Good Husbandry Practice GHP) कार्यक्रम सञ्चालन गरिनेछ ।
- **"व्यवस्थित पशु हाट बजार, सुनिश्चित व्यापार र समृद्ध किसान"** भन्ने अवधारणालाई आत्मसात गर्दै पशुपन्छीको खरिदबिक्रीलाई व्यवस्थित, पारदर्शी, सुरक्षित तथा प्रतिस्पर्धी बनाउन पशु बजारको व्यवस्थापन हालसम्म नभएको कारण कृषकहरुको उत्पादन बजारिकरणमा समस्या भएको भनि जनगुनासो आएको हुँदा पशु हाट बजारको स्थापना तथा प्रभावकारी व्यवस्थापन गरिनेछ । पशुधनको पहिचान, अभिलेखीकरण, बीमा तथा डिजिटल सूचना प्रणालीलाई प्रवर्द्धन गर्दै सुरक्षित र गुणस्तरीय पशु व्यापारको वातावरण सिर्जना गरिनेछ । यसबाट पशुपालक किसानले आफ्नो उत्पादनको उचित मूल्य प्राप्त गर्ने, उपभोक्ताले स्वस्थ तथा गुणस्तरीय पशु खरिद तथा विक्रिको पहुँच हुने र स्थानीय अर्थतन्त्र तथा पशुपालन व्यवसायको दिगो विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

  यसका लागी रु ८० लाख बजेट विनियोजन गरेको छु ।

**उद्योग, पर्यटन, तथा कला/संस्कृति/साहित्य**

- इटहरी उपमहानगरपालिकाको पर्यटन प्रबर्द्धन तथा विकाशको लागि आवश्यक स्थानहरुमा सौन्दरिकरण कार्यक्रमहरु छनौट गर्दा पर्या-पर्यटनलाई टेवा पुग्ने प्रकृतिका कार्यक्रमहरुलाई प्राथिमिकताका दिई सञ्चालन गरिने छ।
- '"एक दिनमै इटहरीको अनुभूति" कार्यक्रमको अवधारणा अनुसार इटहरी सिटी टुर परियोजनालाई कार्यन्वयन गरिनेछ।

- इटहरी सिटी टुर परियोजनाको सहज कार्यन्वयन तथा बाह्य तथा आन्तरिक पर्यटकहरुलाई इटहरी उपमहानगरपालिका क्षेत्र अन्तर्गत रहेका पर्यटकीय गन्तव्यहरुको जानकारी गराउन तथा सहज पहुँचका लागि डिजिटल पर्यटकीय प्रोफाइल तयार गरिने छ।
- इटहरी उपमहानगरपालिका क्षेत्र भित्र अवस्थित पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्न संचार माध्यम मार्फत तथा अन्य उपयुक्त कार्यक्रमहरु चयन गरि सञ्चालन गरिने छ।
- इटहरी उपमहानगरपालिकाभित्रका होटल, पर्यटन व्यवसायी तथा अन्य सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न तथा कला, साहित्य तथा संस्कृतिको जगेर्णा गर्नका लागि आवश्यकता अनुसार प्रशिक्षण, अध्ययन तथा रचनात्मक कार्यक्रमहरु पहिचान गरि सञ्चालन गरिने छ।
- इटहरी उपमहानगरपालिकामा पर्यटन क्षेत्रलाई चलायमान राख्नलाई विभिन्न मार्ट, मौलिक तथा परम्परागत खाना महोत्सव तथा अन्य सडक महोत्सव जस्ता गतिविधिहरुलाई प्रोत्साहन गरिनेछ।
- वातावरणीय प्रभावहरुलाई न्यूनीकरण गरि स्वच्छ उत्पादनका लागि प्रोत्साहन गर्न उद्योग तथा व्यवसायीहरुलाई सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ साथै उद्योगहरुको नियमित अनुगमन, सुपरिवेक्षण पनि गरिनेछ।
- इटहरी उपमहानगरपालिका भित्र अवस्थित उद्योगहरुको प्रभावकारी अनुगमन गर्नका लागि प्रदुषण मापन प्रयोगशाला निर्माण गरि सञ्चालन गरिनेछ।
- इटहरी उपमहानगरपालिका क्षेत्रका उद्यमीहरूलाई प्रोत्साहन गर्नका लागि विभिन्न मेला, महोत्सव तथा सम्मानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- घ वर्ग निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने तथा नवीकरण गर्ने प्रक्रियालाई लागि छिटो छरितो बनाइने छ।

  यसका लागी रु ८० लाख बजेट विनियोजन गरेको छु ।

<u>वातावरण तथा विपद व्यवस्थापन :</u>

**“स्वच्छ, सफा तथा हरित नगरीको कल्पना: इटहरी बासीको चाहाना”**

- दिगो विद्यालय वातावरण प्रबर्द्धन कार्यक्रम (School Environment Promotion Program) को अवधारणा अनुरुप विद्यालय तहदेखि नै बालबालिकामा वातावरण

प्रतिको सचेतना विकास गर्दै व्यवहारमा परिवर्तन गरी सबै बिधालयहरूलाई वातावरणमैत्री बनाउनमा जोड दिइनेछ ।

- इटहरी क्षेत्र भित्र निर्माण भएका र निर्माण हुने सडकहरुमा सुरक्षित वृक्षारोपण गरी सौन्दर्यकरण तथा हरियालि प्रवर्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- पूर्वाधार विकास कार्यक्रमहरू संचालन गर्दा वातावरणमैत्री विकासको अवधारणालाई अवलम्बन गर्न कम्तिमा ३ प्रतिशत बजेट व्यवस्था गरिनेछ ।
- शहरी सौन्दर्यकरणका लागि प्रमुख शहरी क्षेत्रका अप्टिकल फाइवर तथा अन्य तार व्यवस्थित गर्न सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्य अगाडि बढाइने छ।
- सबैका लागि सफा पानी तथा सरसफाइ अन्तर्गत विभिन्न पार्क तथा सार्वजनिक स्थानमा सार्वजनिक शौचालय निर्माणका साथै अति बिपन्न नगरबासीका लागि शौचालय बनाउन सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ ।
- घर नक्सा पास गर्दा कम्तीमा २ वटा बहुबर्षिय बिरूवाहरू रोपेर हुर्काउनु पर्ने छ र घर बनाउने क्रममा निस्कने फोहर अनिबार्य ब्यबस्थापन गरे पश्चात घर सम्पन्नता दिने नीति अबलम्बन गरिनेछ।
- वातावरणमैत्री स्थानीय शासन प्रारुप (EFLGP), २०७८ का सूचकहरुलाई चरणबद्द रूपमा इटहरी उपमहानगरपालिकाको सबै घर, वस्ती, वडाहरुमा कार्यान्वयन गरिनेछ।
- औधोगिक प्रदुषण नियन्त्रण गर्न संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।
- उपमहानगरपालिका क्षेत्र भित्रको कोशी राजमार्गको ६ लेन सडकको मेडीएनमा २.५ फिट उचाइका एकै प्रजातिका बिरुवाहरु रोप्ने, संरक्षण गर्ने तथा व्यवस्थापन गरि शौन्दर्यकारण गर्ने कामलाई निरन्तरता दिने |

**<u>ठोस फोहोरमैला तथा लेदोजन्य फोहोर पानी व्यवस्थापनः</u>**

- स्वच्छ र सफा इटहरी अभियान अन्तर्गत दिगो फोहर व्यवस्थापनका लागि फोहरलाई श्रोतमै छुट्याई न्यूनीकरणमा जोड दिदै विविध कार्यक्रम सञ्चालन गर्न टोल विकास संस्था लगायतका अन्य सरोकारवालाहरुलाई परिचालन गरिनेछ ।

- नगरस्तरीय ठोस फोहरमैला ब्यबस्थापन कार्य सार्वजनिक नीजि साझेदारी (PPP) अवधारणामा सञ्चालन भईरहेको र यस कार्यलाई अझ प्रभावकारी बनाउन अध्ययन अनुसन्धान गरी बैज्ञानिक तरिकाले ब्यबस्थापन गरिनेछ।
- 3R (Reduce, Reuse, Recycle) अवधारणालाई घर घरसम्म पुर्याई ठोस फोहोर मैला ब्यवस्थापनका गरी अन्तिम बिसर्जन स्थलमा शून्य फोहोर (Zero Waste to Landfill) सम्वन्धी अल्पकालीन र दीर्घकालीन नीति अवलम्वन गरिनेछ ।
- इटहरी वडा नं. १० मा निर्माण सम्पन्न भई सन्चालनमा रहेको फोहोर प्रशोधन केन्द्र सहितको अन्तिम बिसर्जन स्थलको उचित व्यवस्थापन लागि आवश्यक पूर्वाधार निर्माण कार्य गरिनेछ ।
- वातावरण प्रदुषण गर्नमा समस्याको रुपमा देखिएको प्लाष्टिक प्रयोगलाई निरुत्साहन गर्न प्रदेश सरकार एवं सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा प्लाष्टिक झोला, प्लाष्टिक बोटल, गुट्खा, भोला, पान पराग जस्ता प्लाष्टिकको प्याकेटमा बिक्री वितरण हुदैं आएका वस्तुहरुको प्रयोग माथि प्रतिबन्ध लगाउन आवश्यक तयारी अगाडि बढाइने छ ।
- सम्बन्धित सरोकारवाला संघ संस्थासंग समन्वय गरी टोल विकास संस्थाको सहकार्यमा वैकल्पिक झोलाको प्रवर्द्धन गरी टोल तथा वडालाई प्लास्टिकमुक्त घोषणा कार्य अभियानको रुपमा सञ्चालन गरिने छ ।
- ठोस फोहोरमैला तथा लेदोजन्य फोहोरलाई एकिकृत व्यवस्थापन गर्न अध्ययन गरी आवश्यक थप पूर्वाधार निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

**<u>विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापन</u>**

- इटहरी उपमहानगरपालिका भएर बग्ने बुढी, टयाङ्ग्रा, खेती, सुकुमारी, मुढा, हक्रा, खर्सला, पानीपिया, सेरा लगायतका अन्य खोला, पैनी, खहरेले वर्षायाममा इटहरी डुवानमा पर्ने भएकोले सघं, प्रदेशसँग समन्वय एवं सहकार्य गरी गुरुयोजना बमोजिम बाढी र डुवान नियन्त्रणका लागि तटबन्ध निर्माण कार्यलाई निर्न्तरता दिईनेछ ।
- बाढी तथा डुबानबाट हुन्सक्ने संभावित क्षतिबाट बच्न बर्सातको समय अगाबै मुख्य खोलाहरु सरसफाई तथा साइफनहरु खोल्ने तथा सफा गर्ने कार्यलाई निर्न्तरता दिईनेछ ।

- नवीन प्रविधि र उपकरणको व्यवस्था सहित स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- स्थानीय विपद तथा जलवायू उत्थानशिल योजना तयार(LDCRP) तयार गर्ने र जलवायु परीबर्तन अनुकुलन कार्यलाई निरन्तरता दिइनेछ ।
- आगलागीका घटना न्यूनिकरण लागि घर नक्सा पास गरी निर्माण सम्पन्न प्रमाण पत्र दिँदा अग्नि नियन्त्रण यन्त्र (Fire Extinguisher), हाईराईज भवनहरमा बाहिरबाट पनि सिढी अनिवार्य रुपमा राख्ने नीति अबलम्बन गरिने छ ।
- उपमहानगरपालिका क्षेत्रभित्र हुने गरेको डुवान, भूक्षय तथा नदी कटान जस्ता समस्याहरू समाधानका लागि Bioengineering प्रबिधिको प्रयोगमा जोड दिइने नीति अबलम्वन गर्दै प्रत्यक्ष रूपमा प्रभावित हुने समुदायलाई सो सम्बन्धमा ज्ञान, सीप र अन्य क्षमता विकास सम्बन्धी आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- बिपदको प्रकारको आधारमा वार्ड अनुसारको बिपद पहिचान गरी GIS म्यापिङ तयार गरी योजना तर्जुमाको अभिन्न अंगको रूपमा आत्मसात गर्ने नीतिलाई थप प्रभावकारिताका साथ लागू गरिनेछ ।
- जोखिम न्यूनीकरण तथा ब्यवस्थापन कार्यका लागि सुरक्षानिकायहरु, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाईटी र अन्य सामाजिक संघ संस्थाहरूसंग प्रभावकारी साझेदारी र समन्वय गरीनेछ ।
- फायर बल तथा फायर स्टिंगगुइजर प्रयोगका सन्दर्भमा सामान्य ज्ञानको अभावमा हुने गरेका आगलागी तथा दूर्घटना न्यूनीकरण गर्न समुदाय तहमा अभियानको रुपमा तालिम सञ्चालन गरिने छ ।
- सडक दुर्घटना नियन्त्रण गर्न कोशी प्रदेश राजमार्ग ट्राफिक व्यवस्थापन कार्यालय लगायत अन्य कार्यालयहरु संग समन्वय तथा सहकार्य गर्ने कार्यलाई निरन्तरता दिने यसका लागी रु १ करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अन्तमा यो नीति, कार्यक्रम तथा बजेट निर्माण कार्यमा मार्ग दर्शन गर्नु हुने श्रद्धय नगर प्रमुख ज्यू प्रति विशेष आभार प्रकट गर्दछु। बजेट, कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, श्रोत अनुमान तथा सीमा निर्धारण समितिका सदस्य ज्यूहरु, राजश्व परापमर्श समितिका सदस्यहरु, विषयगत समितिका संयोजक लगायत सदस्य ज्यूहरु, सवै जनप्रतिनिधि साथीहरु, प्रमुख प्रशासकीय अधिकृत एवं सभाका सचिव ज्यू लगायत साथ सहयोग गर्नुहुने अन्य कर्मचारी मित्रहरु बजेट तर्जुमा गर्ने

क्रममा प्रत्यक्ष अप्रत्यक्ष सल्लाह सुझाव दिनुहुने पूर्व जनप्रतिनिधिज्यूहरु, इटहरीमा क्रियाशिल राजनीतिक दलहरु र तिनका नेतृत्वहरु संघ संस्था, सञ्चार जगत, उद्योगी व्यवसायी, बुद्धिजिवी लगायत नगरवासीहरु सबैमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

नीति कार्यक्रम तथा बजेट तयार गर्नु एउटा पक्ष हो भने यसको कार्यन्वयन सफलतापूर्वक गरी नागरिकलाई बजेटको प्रतिफल महसुस गराउनु अर्को उपलब्धी भएको हुँदा बजेटको कार्यन्वयन मा सबैको साथ सहयोग क्रियाशिलता को अपेक्षा गर्दछु । यस बजेट माथि व्यापक छलफल गरी पारित गर्न सहयोग गर्नुहुने छ भन्ने सवै नगर सभाका सदस्य ज्यूहरुमा आग्रह र अनुरोध गर्दै विदा हुन्छु ।

धन्यवाद ।